## सूचना

यस संस्थाको महिला उपसमितिको आयोजनामा सञ्चालन हुने तीनमहिने सिलाइ तालिममा केही सीट बाँकी भएकोले इच्छुक महानुभावहरूले कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछ ।

**तालिम शुल्क** : रु. १५००।–

**समय** : बिहान ७ बजेदेखि ९ बजेसम्म

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**

च्याम्हासिंह-९, भक्तपुर,
फोन नं. ६६१४६८६



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



वर्ष : २६ ★ अङ्क : ९० ★ ने. सं. ११४४ चौला थ्व, चतुर्दशी ★ सोमबार ★ १० वैशाख, २०८१ ★ April 22, 2024, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८




प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको मिसाइल प्रशासनद्वारा अप्रिल २० का दिन गरिएको आणविक अस्त्र बोक्न सक्षम सुपर लार्ज वार हेड क्षेप्यास्त्रको सफल परीक्षण । संरा अमेरिका, दक्षिण कोरिया, जापानले संयुक्त युद्ध अभ्यास चलाइरहेको विरुद्ध एन्टी एयरक्राफ्ट (युद्धविमानमाथि मार हान्ने) क्षेप्यास्त्रसमेत सफल परीक्षण गरेर साम्राज्यवादी शक्तिलाई उपयुक्त र पर्याप्त जवाफ प्रजग कोरियाले दिएको हो । *तस्बिर : केसीएनए*

# निर्वाचन राजनीतिक पार्टीहरूको घोषणापत्रको लडाइँ हुनुपर्नेमा जोड



बझाङ, ९ वैशाख । वैशाख १५ गते हुने बझाङ क्षेत्र नं. १ (क) को प्रदेशसभाको उपनिर्वाचनको प्रचार प्रसारको क्रममा आइतबार नेपाल मजदुर किसान पार्टीको तर्फबाट बान्ने चौरमा चुनावी सभा भयो ।

सभामा नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगरले निर्वाचन जनतालाई राजनीतिक चेतना दिने मेलाजस्तै भएको धारणा राख्दै निर्वाचन राजनीतिक पार्टीहरूको घोषणापत्रको लडाइँ हुनुपर्नेमा जोड दिनुभयो ।

बहुदल आएको ३५ वर्षमा पनि देशको स्थिति परिवर्तन नहुनुमा शासक पार्टीहरू नै दोषी छन् । पुँजीवादी व्यवस्थामा कामदार जनताको जीवनस्तरमा सुधार हुनेछैन । नेपाल मजदुर किसान पार्टी कामदार जनताको हित हुने समाजवादी व्यवस्थाको लागि सङ्घर्षरत छ, उहाँले भन्नुभयो ।

आज देश युवाविहीन भएजस्तै भोलि देश नै नरहने स्थिति आउन सक्ने खतरा भएकोले नेपाली जनता सचेत भई नेपाल मजदुर किसान पार्टीमा आबद्ध हुन उहाँले बझाङवासी जनतामा आग्रह गर्नुभयो ।

नेपाल विकास नहुनुमा भारतीय विस्तारवाद र एकाधिकार पुँजी तथा आजसम्म सरकारका गएका पार्टीहरू नै प्रमुख दोषी भएको केन्द्रीय सदस्य थापामगरले बताउनुभयो ।

नेमकिपाको तर्फबाट बझाङका उम्मेदवार खगेन्द्रबहादुर शाहीले नेमकिपाले निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने व्यारोमिटरको रूपमा लिइँदै आएको चर्चा गर्दै मादल चिह्नमा मतदान गरी जनताको सेवा गर्ने अवसर दिन अनुरोध गर्नुभयो ।

सरकारमा गएका पार्टीहरूले कामदार जनताको हित नगर्नेतर्फ बझाङवासी जनता सचेत हुनुपर्नेतर्फ उहाँले जोड दिनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरूङ, नेक्रामहिला सङ्घका बिजुकला राना, हस्त कुँवर र रमेश रावलले पनि बोल्नुभएको थियो ।

# 'रुसको डिसेम्बर विद्रोह' पुस्तकबारे अन्तरक्रिया

ललितपुर, ९ वैशाख । नेपाल क्रान्तिकारी युवा सङ्घ ललितपुरको आयोजनामा ललितपुर महानगरपालिका वडा नं. २२ बुँगमा 'रुसको डिसेम्बर विद्रोह' पुस्तकबारे अन्तरक्रिया भयो ।

उक्त कार्यक्रममा २ सय वर्षअगाडि सन् १८२५ को डिसेम्बरमा भएको सैनिक विद्रोहको चर्चा भएको थियो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय वैकल्पिक सदस्य एन. महर्जनले तत्कालीन रुसी राजा जार निकोलस प्रथमको अत्याचार, दमन र भूदासहरूप्रति गरिराखेको शोषणको विरुद्ध खानदान वर्गका सैनिक क्षेत्रमा काम गर्ने जर्नेल, कर्णेल, अफिसरहरूले डिसेम्बर २६, १८२५ मा सैनिक विद्रोह गरेको बताउनुभयो ।

आम जनतामा राजनीतिक चेतना नभएको कारण सैनिक विद्रोह असफल भएको चर्चा गर्दै उहाँले उक्त विद्रोहमा रणनीतिक तथा राजनीतिक त्रुटि भएको बताउनुभयो । उहाँले भन्नुभयो, "करिब एक सय वर्षपछि सन् १९१७ मा त्यही डिसेम्बर विद्रोहबाट शिक्षा लिई तत्कालीन दमनकारीहरूलाई समाजवादी क्रान्ति गरेर बदला लिने कार्य लेनिनको नेतृत्वमा भयो ।"

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय सदस्य सुवर्ण शाक्यले विद्रोहीहरूलाई अत्यन्त कठिन सजाय दिएको चर्चा गर्दै त्यसमध्ये ५ सेनालाई

***बाँकी पृष्ठ ८ मा***

# बेचियो कुमारीपाटीको ऐतिहासिक पोखरी

काठमाडौँ, ९ वैशाख (बीमा पोष्ट) । ललितपुरको कुमारीपाटीमा ऐतिहासिक तः पुखु मासेर व्यक्तिले घर बनाएको भेटिएको छ । २०२१ सालको नापीमा पोखरी कायम रहेको उक्त सरकारी जग्गा २०५० सालको नापीमा नेपाल सरकारको नाममा आएको रेकर्ड ललितपुर मालपोत र नापी कार्यालयमा भेटिएको हो ।

२०५० पछि पोखरी मासेर सीमित व्यक्तिहरूको नाममा नामसारी भएको भेटिएको सम्पदा संरक्षणकर्मीहरूले जानकारी दिए । तः पुखु कित्ताकाट भएर व्यक्तिका नाममा दर्ता गरिनुको पछाडि तत्कालीन मेयर बुद्धिराज बज्राचार्य संलग्न रहेको तथ्य खुलेको छ ।

उनी ललितपुर उपमहानगरको मेयर हुँदा पोखरी बेचेर कर्मचारीलाई तलब खुवाएका थिए । पञ्चायतकालमा लगातार २५ वर्ष प्रधानपञ्च चलाएका बुद्धिराज बहुदल आएपछि एमालेबाट मेयर निर्वाचित भएका थिए । अहिले आफूलाई सम्पदा संरक्षणकर्मी भनेर चिनाउने बुद्धिराजले सम्पदा जोगाउने भन्दा मास्नेतिर बढी योगदान दिएको अभियन्ताहरूको आरोप छ ।

सूर्यबहादुर थापा प्रधानमन्त्री हुँदा पर्यटनमन्त्री समेत भएका बुद्धिराजले हालै मात्रै भारतीय दूतावासको सहयोग लिएर ५-६ वटा बौद्ध विहार निर्माण गरेका छन् । तर, त्यसको स्थापना, निर्माण र खर्चबारे उनी कसैलाई जानकारी दिँदैनन् । कतिपय विहार अहिले पनि निर्माणाधीन छन् ।

सम्पदा संरक्षणको नाममा त्यसको मौलिकता र ऐतिहासिक मूल्य मान्यता मास्ने कार्यमा बुद्धिको बुद्धि बढी नै चल्ने गरेको एक नागरिक अगुवाले बताए । ती नागरिक अगुवाका अनुसार पोखरीमात्र नभई बुद्धिराजले थुप्रै फल्चाहरू व्यक्तिलाई जिम्मा लगाएको भेटिन्छ ।


## लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

**यसबाट बच्न,**

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुला अङ्गमा लामखुट्टेले नटोकोस भनी सचेत रहने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुला नराख्ने,
- पोखरी, दह तथा नालामा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड



## भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

सूर्यविनायक ८, भक्तपुर

### कर्मचारी आवश्यकतासम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति :२०८१/०१/१०)

यस सङ्घका लागि तपसिलबमोजिम सर्भेयर र प्रशिक्षार्थी कर्मचारी आवश्यक भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले सूचना प्रकाशित मितिले १५ दिनभित्र रितपूर्वक दर्खास्त आह्वान गरिन्छ ।

| क्र.सं | पद | सङ्ख्या | तलब | कार्य अवधि | न्यूनतम योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सर्भेयर | ६ | २०,०००।- (एकमुष्ठ) | दुई महिनाभित्र सम्पन्न गर्नुपर्ने | • व्यवस्थापन सङ्कायमा प्रमाणपत्र वा प्लस टु वा सो सरह उत्तीर्ण भएको । • आधारभूत कम्प्युटर सञ्चालनको ज्ञान भएको । | प्रारम्भिक संस्थाहरूको स्थलगत सर्भे गर्ने । |
| २ | प्रशिक्षार्थी | १ | १९,२५०।- | तीन महिना | | सङ्घको मुख्य कार्यालय र सेवा केन्द्रमा कार्य गर्ने । |

**सेवाको किसिम** : करार

**उमेर** : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको)

**परीक्षाको किसिम** : अन्तर्वार्ता **सम्पर्क मिति** : अन्तिम मितिको भोलिपल्ट

**दर्खास्त दिने स्थान** : सङ्घको वेब साइट www.bhaktapurdcu.coop.np/download मा रहेको Vacancy Application Form भरी सङ्घको कार्यालय सूर्यविनायक, भक्तपुरमा पठाउनुपर्नेछ ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात** : नेपाली नागरिकताको फोटोकपी र शैक्षिक प्रमाणपत्र

**थप जानकारीको लागि**

**सम्पर्क नम्बर** : ६६१४३०५, ६६१४३०६

**वेब साइट** : www.bhaktapurdcu.coop.np, **इमेल** : bktsaccu@gmail.com




**सिभिल अस्पतालमा स्वास्थ्य परीक्षण गराउनेको भिड :**
काठमाडौँको मीनभवनस्थित सिभिल अस्पतालमा स्वास्थ्य परीक्षण गराउन आएका बिरामीको भिड । *तस्बिर: किरण राज विष्ट/रासस*

# अनुसन्धानको क्रममा रहेका विषयको समाचार लेख्दा संयम बन्न आग्रह

काठमाडौँ, ९ वैशाख (रासस) । नेपाल प्रहरीले अनुसन्धानका क्रममा रहेका विषयको समाचार लेख्दा संयम बन्न आग्रह गरेको छ । नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागले आइतबार आयोजना गरेको 'आपराधिक घटनाको समाचार सम्प्रेषण' सम्बन्धी सञ्चारकर्मीसँग गरेको अन्तर्क्रियामा अपराध अनुसन्धानको क्रममा रहेको घटनाको समाचार लेख्दा संयम बन्नुपर्नेमा जोड दिइयो ।

अपराध अनुसन्धान विभागका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक ( एआईजी) टेकबहादुर तामाङले आंशङ्काका भरमा कसैको सङ्लग्नताबारे समाचार सम्प्रेषण गर्दा भ्रम सिर्जना हुने भन्दै यस्ता प्रकृतिका समाचार सम्प्रेषणमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

नेपाल प्रेस काउन्सिलका आचारसंहिता अनुगमन शाखा प्रमुख महेन्द्रराज सिंहले काउन्सिलले प्रेस काउन्सिल ऐन २०४८ बमोजिम आचारसंहिता निर्माण गरी सञ्चारमाध्यमको अनुगमन गर्दै आइरहेको उल्लेख गर्नुभयो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकी शाखा अधिकृत शारदा चालिसेले सत्य, तथ्य र विश्वसनीय समाचार सम्प्रेषणमा मन्त्रालयले काम गरिरहेको बताउनुभयो ।

कार्यक्रममा उपस्थित सञ्चारकर्मीले सूचना लुकाउँदा आम जनताको सुसूचित हुने हकको हनन हुने भएकाले समाचार दिँदा कन्जुस्याइँ गर्न नहुनेमा जोड दिनुभएको थियो ।

# चितवन माछा, मासु, दूध र अण्डामा आत्मनिर्भर

नारायणगढ (चितवन), ९ वैशाख (रासस) । माछा, मासु, दूध र अण्डा उत्पादनमा जिल्ला आत्मनिर्भर भएको छ । यहाँ उत्पादित माछा, मासु, दूध र अण्डा प्रतिव्यक्ति आवश्यकता भन्दा बढी उत्पादन हुने गरेको छ ।

पशुसेवा कार्यालय चितवनका अनुसार दूध प्रतिव्यक्ति न्यूनतम आवश्यकता भन्दा ४५ दशमलव ३३ लिटर बढी उत्पादन हुने गरेको छ । प्रतिव्यक्ति न्यूनतम आवश्यकताअनुसार दूध वार्षिक ९१ लिटर आवश्यक पर्नेमा जिल्लामा एक सय ३६ दशमलब ३३ लिटर उपलब्ध भएको हो । कार्यालयका प्रमुख सुशील केसीका अनुसार मासु ११ दशमलब ५३ किलो, अण्डा चार सय १३ वटा र माछा एक दशमलब ४४ किलो प्रतिव्यक्ति उपलब्ध हुने गरेको छ । जिल्लामा उत्पादित यी वस्तु जिल्लाको कूल जनसङ्ख्यालाई आवश्यक पर्ने न्यूनतम आवश्यकता भन्दा बढी उत्पादन हो ।

प्रतिव्यक्ति वार्षिक मासु १४ किलो, अण्डा ४८ वटा र माछा पाँच किलो न्यूनतम आवश्यक पर्ने उहाँले जानकारी दिनुभयो । अहिले जिल्लामा मासु प्रतिव्यक्ति २५ दशमलब ५३ किलो, अण्डा चार सय ६१ गोटा र माछा छ दशमलब ४४ किलो उपलब्ध छ ।

यहाँको कृषि क्षेत्रमा लाग्ने किसानले उत्पादन गरेको खाद्य वस्तुलाई व्यवस्थित गर्न सके राष्ट्रिय आवश्यकतालाईसमेत पूर्ति गर्न सहज हुने उहाँले बताउनुभयो । प्रतिव्यक्ति प्रतिवर्ष राष्ट्रिय उपलब्धता दूध ८५ लिटर, मासु १८ दशमलब एक किलो, अण्डा ५४ वटा, माछा तीन दशमलब तीन किलो रहेको छ । राष्ट्रिय न्यूनतम आवश्यकतालाई आधार मान्ने हो भने यो एकदमै न्यून उपलब्धता हो । जिल्लामा भने न्यूनतम आवश्यकता भन्दाबढी यी खाद्य सामग्री उपलब्ध हुँदै आएको केसीले जानकारी दिनुभयो ।

यहाँ गाईफार्म तीन सय ५९ वटा, भैँसी फार्म ५० वटा, बाखा फर्म चार सय ५३ वटा, बङ्गुर फार्म ६० वटा, कुखुरा फार्म एक हजार नौ सय वटा र माछा फर्म पाँच सय सात वटा दर्ता भई सञ्चालनमा छन् ।

त्यसैगरी कुखुरा ह्याचरी ९५ वटा दर्ता भई ५२ वटा मात्रै सञ्चालनमा छन् । आर्थिक वर्ष विसं २०७९/८० को तथ्याङ्क अनुसार जिल्लामा दूध ९८ हजार एक सय ८३ मेट्रिकटन, मासु एक लाख ८३ हजार ८१ मेट्रिकटन, माछा ४६ हजार ३८ मेट्रिकटन र अण्डा ३३ करोड २४ लाख ६१ हजार दुई सय १२ वटा उत्पादन भएको थियो ।

# एघार करोडको लिफ्ट सिँचाइ योजना अलपत्र

गोदावरी (कैलाली), ९ वैशाख (रासस) । कैलालीको मोहन्याल गाउँपालिका-६ सोल्टामा निर्माणाधीन लिफ्ट सिँचाइ योजना अलपत्र परेको छ । मोहन्याल गाउँपालिका र अल्ट्रा सोलार एण्ड स्टिल इञ्जिनीयरिङबिच २०७७ सालमा रु. ११ करोडको लागतमा निर्माणको ठेक्का सम्झौता भएको सो योजना बजेट अभावका कारण अलपत्र परेको हो ।

सो योजना निर्माण सुरु भएको तीन वर्ष बितिसक्दा पनि बजेट अभावमा काम अघि बढ्न सकेको छैन । लिफ्ट सिँचाइका लागि कर्णाली नदीको पानी तान्न राष्ट्रिय माध्यमिक विद्यालयको छतमा उपकरण जडान गरिएको गाउँपालिकाका उपाध्यक्ष कमलबहादुर साउदले बताउनुभयो ।

लिफ्ट सिँचाइ योजना अघि बढाउनको लागि बजेट अभाव भएको बताउँदै उहाँले गाउँपालिकाले जडान गरिएका उपकरणको भुक्तानी दिन नसकेपछि काम रोकिएको जानकारी दिनुभयो ।

गाउँपालिकाका आठ स्थानमा कर्णाली नदी, ठूलीगाड र बोटखोलाको पानी लिफ्टिङ गर्ने योजना रहेको छ । लिफ्ट गरेको पानीले पूर्व सोल्टा, रुइनीकोट, अजिङरे, राजीरेक्चा, रागा मलेखा, बिर्खेत, पण्डोनलगायत अन्य गाउँका जमिनमा सिँचाइको सुविधा उपलब्ध गराउने उद्देश्य रहेको जनाइएको छ ।

सोल्टा, रुइनीकोट, अजिङरे, राजीरेक्चा, रागा मलेखा, बिर्खेत, पण्डोनलगायत अन्य गाउँमा सिँचाइ नहुँदा आकाशे पानीको भरमा खेतीपाती गर्नुपर्ने बाध्यता रहेको स्थानीयको भनाइ छ ।

# बहिरा व्यक्तिलाई नेतृत्व विकास तालिम

काठमाडौँ, ९ वैशाख (रासस) । बहिरा युवालाई सशक्तिकरण र नेतृत्व विकास गराउने उद्देश्यले आइतबारदेखि पाँचँदिने अभिवृद्धि तालिम सुरु भएको छ । 'परिवर्तनका लागि युवा, सिर्जनशिल र जिम्मेवार बहिरा' नाराका साथ सुरु तालिममा ४० जना बहिरा युवा सहभागी हुनुहुन्छ ।

राष्ट्रिय युवा परिषद् र बहिरा महासङ्घ नेपालको सहकार्यमा तालिम सञ्चालन भएको हो । परिषद्का प्रशासन प्रमुख दिनेश घिमिरेले ब्यानरमा हस्ताक्षर गरी तालिम शुभारम्भ गर्नुभयो ।

घिमिरेले राष्ट्र निर्माणमा बहिरा युवाको योगदान रहेको भन्दै उहाँहरूलाई अझ सशक्त बनाउन परिष्दले विभिन्न नेतृत्व विकासका कार्यक्रम गर्दै आएको बताउनुभयो ।

बहिरा महासङ्घका अध्यक्ष सन्तोष केसीले शिक्षाले मात्रै युवा सक्षम हुन नसक्ने उल्लेख गर्दै आत्मनिर्भर बन्न क्षमता र सीप विकास अनिवार्य रहेको बताउनुभयो ।

बहिरा महासङ्घका वरिष्ठ उपाध्यक्ष सत्यदेवी बाग्लेले बेरोजगार हुनुपर्ने बहिरा समुदायको मुख्य समस्या रहेको बताउनुभयो । महासङ्घका महासचिव सिताराम ओझाले पहिलोपटक परिषद्ले यसरी बहिरा समुदायलाई दक्ष बनाउने तालिम दिएकोमा खुसी व्यक्त गर्नुभयो ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार हाल नेपालमा बहिरा व्यक्तिहरूको सङ्ख्या ५१ हजार तीन सय ७३ छ ।

# भूकम्पसम्बन्धी जानकारीमूलक प्रदर्शनी सुरु

काठमाडौँ, ९ वैशाख (रासस) । भूकम्पसम्बन्धी सम्पूर्ण जानकारी दिने प्रदर्शनी नक्सालस्थित नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानमा आइतबारबाट सुरु भएको छ । त्रिचन्द्र क्याम्पसको भूगर्भशास्त्र विभाग र मानविकी तथा सामाजिक शास्त्र सङ्काय, हिरोशिमा युनिभर्सिटी जापानको संयुक्त आयोजित 'टच द इन्डो-युरोसेयिन प्लेट बाउन्ड्री' नामक प्रदर्शनी सुरु भएको हो ।

प्रदर्शनीका संयोजक तथा विभागका सहप्राध्यापक डा. दीपक चम्लागाईंले भूकम्पसम्बन्धी सम्पूर्ण जानकारी दिनु नै प्रदर्शनीको मुख्य आकर्षण रहेको बताउनुभयो ।

त्यसैगरी जापानका सहप्राध्यापक डा. यासुहिरो कुमहाराले यस प्रदर्शनीले भूकम्प कसरी जान्छ र त्यसपछिका अवस्थालाई 'थ्रिडी मोडल' नै बनाएर प्रस्तुत गर्न खोजिएको जानकारी दिनुभयो ।

उहाँले आगामी दिनमा भूकम्पसम्बन्धी सङ्ग्रहालय नै नेपालमा बनाउन सके राम्रो हुने बताउनुभयो । प्रदर्शनी बिहीबारसम्म चल्नेछ । प्रदर्शनीमा भूकम्पसबन्धी विद्यार्थीका चित्रकला पनि समावेश रहेको छ ।

# कतारका अमिरले वैशाख ११ र १२ गते नेपालको राजकीय भ्रमण गर्नुहुने

काठमाडौं, ९ वैशाख (रासस) । राष्ट्रपति रामचन्द्र पौडेलको निमन्त्रणामा कतारका अमिर शेख तमिम बिन हमाद अल थानीले वैशाख ११ र १२ गते नेपालको राजकीय भ्रमण गर्नुहुने भएको छ । भ्रमणका अवसरमा उहाँले राष्ट्रपति पौडेलसँग शितल निवासमा भेटवार्ता गर्नुहुने परराष्ट्र मन्त्रालयले जनाएको छ । त्यस्तै राष्ट्रपति पौडेलले उहाँको सम्मानमा राजकीय भोजको आयोजना गर्नुहुनेछ ।

कतारका अमिर शेख थानीले वैशाख १२ गते प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग द्विपक्षीय वार्ता गर्नुहुने मन्त्रालयले जनाएको छ । वार्तापछि, दुवै नेताहरूले द्विपक्षीय सम्झौता र समझदारी पत्रमा हस्ताक्षर गर्ने समारोहमा उपस्थित हुनुहुनेछ । कतारका अमिर थानी सोही  दिन काठमाडौँबाट प्रस्थान गर्नुहुनेछ ।

# हिउँ पहिरोपछि तल्लो तटीय क्षेत्रका बासिन्दालाई सतर्क रहन गृह मन्त्रालयको आग्रह

काठमाडौँ, ९ वैशाख (रासस) । हिम पहिरोले गोखराको चुमनुब्री गाउँपालिका-१ स्थित वीरेन्द्रताल फुट्दा बूढीगण्डकी नदीमा पानीको बहाव उच्च भएको छ । आइतबार बिहान तालमा ठूलो हिम पहिरो झरेको स्थानीयले बताएका छन् ।

ताल फुटेपछि बूढीगण्डकी नदीमा पानीको बहाव उच्च भएको र बाढीले नदी आसपास क्षति गर्न सक्ने भन्दै गृह मन्त्रालयले तल्लो तटीय क्षेत्रका बासिन्दालाई सतर्क रहन आग्रह गरेको छ । "बाढीले क्षति गर्ने सम्भावना हुन्छ । बाढी आउनुपूर्व नै सुरक्षित रहन अपील गर्दछौँ ", गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले भन्नुभयो । जिल्ला प्रहरी कार्यालय गोरखाले दिएको जानकारी अनुसार घटनाबारे बुझ्न सामागाउँ चौकीबाट प्रहरी त्यसतर्फ गएको पनि प्रवक्ता भट्टराईले जानकारी दिनुभयो ।

# निगमको न्यारो बडी जहाज मर्मतपछि सोमबार काठमाडौँ आइपुग्ने

काठमाडौँ, ९ वैशाख (रासस) । राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को न्यारो बडी जहाज इजरायलमा मर्मतपछि सोमबार काठमाडौँ आइपुग्ने भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले निगमको न्यारो बडी जहाज मर्मतपछि सोमबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण हुने जानकारी दिनुभयो ।

जहाज ग्राउन्डेड भएको झन्डै तीन महिनापछि निगमले उक्त जहाज इन्जिन मर्मतका लागि इजरायल पठाइएको थियो । इजरायलमा करिब पाँच महिनाको मर्मतपछि जहाज काठमाडौँ फर्किन लागेको हो ।

निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीका अनुसार इजरायलमा मर्मत भएको न्यारो बडी जहाज सोमबार राति काठमाडौँ आइपुग्नेछ । जहाज चाँडो मर्मतका लागि पहल गर्दा पनि प्राविधिक कारण विलम्ब भएको उहाँले जिकिर गर्नुभयो ।

नाइन-एकेएक्स जहाजको इन्जिन मर्मतका लागि एमआरओ कम्पनी इजरायल एरोस्पेस इन्डस्ट्रिजसँग लिजसहितको इन्जिन मर्मत सम्झौता भएअनुसार जहाज मर्मत गरिएको हो । जहाज मर्मतका लागि चार साइकल राखेर जहाज ग्राउन्डेड गरिएको थियो ।

**ईयूको उडान प्रतिबन्ध हटाउन पहल**

पर्यटनमन्त्री तामाङले युरोपेली सङ्घ (ईयू) ले नेपालको हवाई उडानमाथि लगाएको उडान प्रतिबन्ध हटाउन मन्त्रालयले योजनाबद्ध काम अगाडि बढाएको जानकारी दिनुभयो ।

कार्यक्रममा पर्यटन मन्त्रालयका सचिव डा. दीपक काफ्लेले मन्त्रालयल र मातहत निकायबाट गरिनुपर्ने काम नियमित भइरहेको बताउनुभयो । नेपाल पर्यटन बोर्डका अध्यक्ष समेत रहनुभएका सचिव डा. काफ्लेले बोर्डको प्रमुख कार्यकारी अधिकृत (सीईओ) नियुक्ति निष्पक्ष र पारदर्शी हुने बताउनुभएको छ ।

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

मेरो निम्न नाम र Migration Certificate रजिस्ट्रेसन नं. को माइग्रेसन सर्टिफिकेट २०८०/१२/१५ गते, सरस्वतीखेलबाट बागबजार जाने क्रममा हराएकोले पाउनुहुने महानुभावले तल उल्लेखित नम्बर या प्रहरी कार्यालयमा सम्पर्क गर्नुहोला ।

**नाम :** Babin Subedi
**रजिस्ट्रेसन नं.** 732776153
**ठेगाना :** काठमाडौँ
**सम्पर्क नं. :** ९८१८२५६७८७

# पनौतीमा पशु खोप अभियान

काभ्रेपलाञ्चोक, ९ वैशाख । पनौती नगरपालिकाले आइतबारदेखि किसानका गोठमै पुगेर निःशुल्क खोप अभियान सञ्चालन गरेको छ । नगरले गर्मी बढेसँगै पशुमा विभिन्न रोग लाग्ने ठानेर पूर्वतयारीस्वरूप खोप अभियान थालेको हो ।

पनौती नगरले गाई, भैंसीमा लाग्ने लम्पी स्किन तथा भेडाबाख्रामा लाग्ने पिपिआर रोगविरुद्धको खोप निःशुल्क लगाउने नगरका पशुपक्षी शाखा प्राविधिक अधिकृत लीलानाथ सापकोटाले बताउनुभयो । पनौती नगर क्षेत्रभित्रका सम्पूर्ण पशुमा रोग रोगथामका लागि डेढ महिना अभियानको रूपमा किसानका गोठमा गई निःशुल्क खोप लगाइने छ ।

बाह्र वडा रहेका नगरमा विभिन्न मितिमा अभियान जेठ २५ गतेसम्म सञ्चालन हुने जनाइएको छ । शाखाले यसअघि सार्वजनिक अपिल गर्दै यस अभियानलाई किसानले साथ दिन र आफूले पालेका निरोगी गाई, भैंसी तथा भेडाबाख्रालाई खोप लगाउन अनुरोध गर्दै आएको थियो । गत वर्ष नगरले नगरका नौ हजार नौ पशुमा लम्पी स्किनविरुद्धको खोप लगाइएको सापकोटाले जानकारी दिनुभयो ।

गत वर्ष पनौती नगरमा लम्पी स्किन रोगले महामारीको रूप लिँदा तीन सय किसानका पाँच सय पशु मरेका थिए । पशुचौपाया मरेका किसानलाई २०८० असोजमा प्रतिपशुचौपाया रु. १० हजारका दरले राहत रकम वितरण गरिएको थियो ।

जिल्ला पशु सेवा कार्यालयका अनुसार लम्पी स्किनका कारण काभ्रेपलाञ्चोकमा गत वर्ष ३१ हजारभन्दा बढी पशु सङ्क्रमित बनेको जनाएको छ । यसमध्ये जिल्लाको १३ स्थानीय तहमा छ सय ८१ पशुचौपाया मरेका थिए । उक्त रोगका कारण गाई, गोरु, बाछाबाछी र केही भैंसी मरेका हुन् । बनेपा नगरका छवटा वडामा एक सय १८ पशु मरेका थिए । ***रासस***

# रूपन्देहीका नौ गाउँमा आगलागी

भैरहवा (रूपन्देही), ९ वैशाख । तराई क्षेत्रमा लामो समयदेखि वर्षा नहुँदा यहाँको जनजीवन प्रभावित भएको छ । पानीको अभाव र सुक्खा मौसमका कारण रूपन्देहीका विभिन्न स्थानमा आगलागी हुँदा चौपाया, अन्नबाली एवं घरमा क्षति भएको छ ।

रोहिणी गाउँपालिका-६ बाट शनिबार अपराह्न नौवटा गाउँमा आगो फैलिएको जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक मनोहर भट्टले जानकारी दिनुभयो । गहुँको नलबाट सुरु भएको आगो बतासका कारण फैलिँदा बिष्णुपुरा, पर्सा, बुची, बरवा, तर्कुलहा, कोटहवा, चम्कीपुर हुँदै प्रिप्रहवामा क्षति भएको छ ।

आगोले मानवीय क्षति नभए पनि ४० वटा घर जलेका तथा ३९ वटा बाख्रा मरेका उहाँले बताउनुभयो । प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, देवदह नगरपालिकाको दमकल र स्थानीयको प्रयासले साँझ आगो निभाइएको थियो ।

आगलागीको घटना जिल्लाभरिबाट नै भएका प्रवक्ता भट्ट बताउनुहुन्छ । गैडहवा गाउँपालिकामा पनि आगलागीमा लाखौँको क्षति भएको छ । वडा नं ७ सिसैँ बस्ने बाले मिन्द्र लोधको फुसले छाएको गोठमा विद्युत् चुहिँदा आगलागी भएको थियो । उक्त गोठमा रहेका नौ बाख्रासहित रु. तीन लाख बढीको क्षति भएको प्रहरी कार्यालयले जानकारी दिएको छ ।

लुम्बिनी सांस्कृतिक नगरपालिका-९ पिपरामा खेतमा गहुँका ठुटा जलाउने क्रममा लागेको आगो होटल पवन प्यालेस परिसरमा पुगेको थियो । यसबाट प्लाइउड, लत्ताकपडा, भाडावर्तन, खाद्यान्नलगायत रु. सात लाख बराबरको क्षति भएको प्रवक्ता भट्टले बताउनुभयो । ***रासस***

# गुल्मीमा आगलागीबाट २८ घरगोठ नष्ट

तम्घास (गुल्मी), ९ वैशाख । गुल्मीमा आगलागीबाट २८ घरगोठ जलेका छन् । शुक्रबार र शनिबार रातिसम्म लागेको आगोले जिल्लाको इस्मा गाउँपालिका-१, २ र ४ तथा गुल्मीदरबार गाउँपालिकामा क्षति भएको छ ।

इस्मा गाउँपालिका-१ की वसुन्धरा कुँवरको घरगोठ पूर्णरूपमा जलेको छ । स्थानीय रमेश थापाको घरगोठ, होमबहादुर मल्लको गोठ, लीलाबहादुर थापाको घरगोठ, टीकाबहादुर रायमाझीको घरगोठ एवं रामबहादुर थापाको घरगोठ जलेका हुन् ।

त्यसैगरी, चन्द्रबहादुर कुँवरको घरसहित कुटानी-पिसानी मिल, किराना पसल र गोठ, गोपालबहादुर थापाको किराना पसल, धर्मराज थापाको घरगोठ र मिल तथा इन्द्रबहादुर थापाको किराना पसल र तीनवटा गोठ नष्ट भएका जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रवक्ता शङ्करप्रसाद पोखरेलले जानकारी दिनुभयो ।

शनिबार दिउँसोदेखि इस्मा गाउँपालिका-२ स्थित सिन्दुखाको रानी सामुदायिक वनमा लागेको आगो बस्तीमा फैलिएको थियो । त्यसबाट हस्तीचौरका १५ जनाको घरगोठ जल्नुका साथै दर्जनौँ पशुचौपाया मरेका प्रहरीले जनाएको छ । इस्मा गाउँपालिका-४ को हुल र कोटकोटेरीमा लागेको आगोले टोकली बस्नेतको गोठ, सूर्यबहादुर र गुञ्जबहादुरको गोठ जलेको प्रहरी प्रवक्ता पोखरेलले बताउनुभयो ।

इस्मा गाउँपालिका- १ मा लागेको आगोका कारण ट्र्याक्टरचालक १९ वर्षीय हिमाल राना र मुसिकोट नगरपालिका-७ पल्टारका २१ वर्षीय प्रेम राना घाइते हुनुभएको छ । उहाँहरूको हातखुट्टा र अनुहार जलेको छ । घाइतेको गुल्मी अस्पताल तम्घासमा उपचार भइरहेको छ । डढेलोका कारण लु४त ६५३५ नम्बरको ट्र्याक्टर जलेको छ ।

**विद्युत्को सबस्टेशन जल्यो**

शुक्रबार नजिकैको वनबाट फैलिएको डढेलोले गुल्मीदरबार गाउँपालिका-४ वीरवासको विद्युत् सबस्टेसन जलेको छ । सबस्टेशनलाई पूर्णरूपमा क्षति हुनबाट रेसुङ्गा नगरपालिकाको दमकलको सहयोगमा सुरक्षाकर्मी र स्थानीयले बचाएका छन् । आगोबाट रु. दुई करोड बराबरको क्षति भएको छ । नेपाल विद्युत् प्राधिकरण गुल्मी वितरण केन्द्रका प्रमुख अर्जुन पोखरेलका अनुसार कन्डक्टर, केवललगायत सामग्री जलेकाले रु. दुई करोडको क्षति भएको अनुमान गरिएको छ । डढेलोले धेरै क्षति भएको इस्माका तीन स्थानमा राहतका काम सुरु भएको प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्माले जानकारी दिनुभयो । ***रासस***



सुनसरीको इनरुवा नगरपालिका-९ स्थित खेतमा आइतबार हार्भेस्टर मेसिनबाट गहुँ काट्दै । कृषिमा यान्त्रिकीकरणले किसानको श्रम, समय तथा लागतको बचत गराएको छ । *तस्बिर : नवीन गड्तौला/रासस*

# आगोले पर्साका १५ किसानको लाखौँको क्षति

वीरगञ्ज (पर्सा), ९ वैशाख । सीमावर्ती भारतको गहुँखेतबाट सल्किएको आगोले पर्साको छिपहरमाई गाउँपालिका-१ भलमहिया बस्तीका १५ किसानको अन्नबालीसहित फुसको घर जल्दा लाखौँको क्षति भएको छ ।

भारतीय भूमिमा पर्ने खेतबाट शनिबार दिउँसो ३ बजेको समयमा सल्किएको आगोले यहाँका १५ किसानको गहुँ अन्नवाली, पराल, कुखुरा फार्म र फुसको घरलगायत सम्पत्तिमा क्षति पुऱ्याउँदा रु. १२ लाख ८४ हजार बराबरको क्षति भएको छ ।

छिपहरमाई गाउँपालिका-१ का वडाध्यक्ष कामेश्वरप्रसाद यादवले भारतीय भूमिबाट सल्किएका आगोका कारण नेपालका १५ किसानको भित्र्याउने अवस्थाको बाली नष्ट भएको बताउनुभयो । उहाँले भन्नुभयो, "भारतीय भूमिमा गहुँको ठुटोमा लगाएको आगो अनियन्त्रित हुँदै आएर नेपालको भूमिमा खेतीबाली तथा फुसको घरमा क्षति पुऱ्याएको छ । सानो असावधानीले हाम्रा किसान ठूलो क्षति भोग्न बाध्य भए ।"

जिल्ला प्रहरी कार्यालय पर्साका नायब प्रहरी उपरीक्षक कुमारविक्रम थापाले नेपाली भूमिमा आगो सल्किएको थाहा पाउनेबित्तिकै सबै निकायको समन्वयमा तीन घण्टाभित्रै आगो निभाउन सम्भव भएको बताउनुभयो । प्रहरी चौकी मिर्जापुर, इलाका प्रहरी कार्यालय पोखरियाबाट खटिएको प्रहरी टोली, स्थानीय तथा वीरगञ्ज महानगरपालिकाको दमकल, पोखरीया नगरपालिकाको दमकल, विपद् व्यवस्थापन गुल्म पर्साको दमकलको सहयोगमा आगो पूर्णरूपमा निभाउन सफल भएको प्रहरीले जनाएको छ ।

आगजनीको कारणले छिपहरमाई गाउँपालिका-१ भलमहियाका मलबोद यादवले सञ्चालन गर्दै आएको ओमपाथीभारा पशुपक्षी फार्म जलेर नष्ट भएको छ । सो फार्ममा रहेका २५ क्विन्टल दाना र फुसको घरसहित कुखुरा जलेर नष्ट हुँदा रु. चार लाख बराबरको क्षति भएको प्रहरीले अनुमान गरेको छ । आगजनीले सोही ठाउँका किसान किसनदेव हजराको फुसको घर, २० क्विन्टल गहुँ, लत्ताकपडा र भाडावर्तन गरेर रु. दुई लाख ८० हजार बराबरको अन्नबाली तथा सामान नष्ट भएको छ ।

आगोले राजु यादवको ३३ कट्ठामा रहेको गहुँ, पराल गरी रु. एक लाख बराबरको अन्नबाली नष्ट भएको छ । चेतमन राउत अहिरको पनि छ कट्ठामा रहेको गहुँबाली जलेको छ । सोही ठाउँका उपेन्द्र यादव र हाकिम यादवको पनि आठ-आठ कट्ठामा रहेको गहुँबाली नष्ट भएको छ ।

किसान ताराचन्द्र साह तेलीको ३० कट्ठामा रहेको गहुँ र पराल गरी रु. एक लाख २० हजार मूल्यको अन्नबाली जलेर क्षति भएको छ । भिखरी राउत अहिरको पराल जल्दा रु. ३० हजारको क्षति भएको छ । आगजनी भएर वीरेन्द्र यादवको फुसको गोठसहित १० क्विन्टल गहुँसहित ८० हजार बराबरको क्षति भएको छ । त्यसैगरी, साहेब राउत र जुगुल यादवको पराल जल्दा जनही रु. २० हजारको क्षति भएको छ ।

त्यसैगरी, विश्वनाथ यादवको पराल जल्दा रु. ८० हजार र मुनिल यादवको १० कट्ठामा रहेको गहुँबाली जल्दा रु. ८० हजारको क्षति भएको छ । त्यसैगरी, अर्जुन यादवको पनि १० कट्ठामा रहेको गहुँबाली आगजनीकै कारणले जल्दा रु. ५० हजारको क्षति भएको छ । त्यस्तै सोही ठाउँका किशुनदेव यादवको तीन कट्ठाको गहुँबालीमा क्षति हुँदा रु. २० हजारको क्षति भएको प्रहरीले जनाएको छ । ***रासस***

# मुग्लिन-पोखरा सडक विस्तार : म्याद सकियो, काम सकिएन

तनहुँ, ९ वैशाख (रासस) । मुग्लिन-पोखरा सडक विस्तार आयोजनाअन्तर्गत पूर्वी खण्डको सम्झौता म्याद सकिएको छ । २०८१ साल वैशाख २ गते सम्झौता म्याद सकिएपछि म्याद थपको प्रक्रिया अघि बढाइएको छ ।

कोभिडका समयमा निर्माणकार्य स्थगित गर्नुपरेकाले नेपाल सरकारबाट ६ महिना म्याद थप गर्न लागिएको आयोजना पूर्वी खण्डका इन्जिनियर विष्णु पाण्डेले जानकारी दिनुभयो ।

विसं २०७८ वैशाख महिनादेखि निर्माण सुरु गरिएको थियो । कोरोनाका कारण काम गर्न नपाएका योजनाको म्याद थप गर्ने मन्त्रिपरिषद्को निर्णयअनुरुप म्याद थप्न लागेको उहाँले बताउनुभयो ।

उक्त खण्डमा हालसम्म १८ किमी चार लेन र नौ किमि दुई लेन सडक कालोपत्र भएको छ । उहाँका अनुसार हालसम्म पूर्वी खण्डमा ५६ प्रतिशत कार्य प्रगति भएको छ ।

पूर्वी खण्डको अन्तिम बिन्दु तनहुँको म्याग्दे जामुनेदेखि दमौलीतर्फ कालोपत्र अघि बढाइएको छ । अहिले कालोपत्र कार्यलाई प्राथामिकता दिँदै आवश्यक स्थानमा पहाड काट्ने काम भइरहेको आयोजनाले जनाएको छ ।

आयोजना पूरै सम्पन्न गर्न एक वर्ष अवधि थप गर्नुपर्ने आयोजना पूर्वी खण्डका प्रमुख श्यामकुमार यादवले जानकारी दिनुभयो ।

पूर्वी खण्डमा ४१ दशमलव ७ किलोमिटर दूरी रहेको छ । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको थियो । उक्त खण्डका लागि रु. ६ अर्ब २१ करोड ३१ लाख १३ हजारमा ठेक्का सम्झौता भएको हो ।

त्यसैगरी पश्चिम खण्डमा दुई लेनको सात दशमलव पाँच किमि सडक कालोपत्र भइसकेको छ । वर्षाअघि कल्भर्ट र नाला निर्माण कार्यलाई तीव्रता दिइएको पश्चिम खण्डका इन्जिनियर नारायण पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त खण्डमा भौतिक प्रगति २० प्रतिशत पुगेको छ ।

पश्चिम खण्ड अन्तर्गत जिल्लाको जामुनेदेखि पोखराको सेतीपुलसम्म ३८ दशमलव ८८ किलोमिटर दूरी रहेको छ । उक्त खण्डको ठेक्का चीनको यनहुई काइयुन हाइवे एन्डब्रिज कम्पनीले पाएको थियो । यस खण्डका लागि रु. सात अर्ब ४० करोड ४६ लाख ८१ हजारमा ठेक्का सम्झौता भएको थियो । विसं २०७८ भदौबाट काम सुरु भएको यस खण्डको काम २०८१ भदौ १२ मा सम्पन्न गर्नुपर्ने सम्झौता छ ।

# जुफाल विमानस्थल मर्मत सकियो, सेवा सुरु

डोल्पा, ९ वैशाख । धावनमार्ग मर्मत पूरा भएपछि जुफाल विमानस्थल ५३ दिनपछि सञ्चालन भएको छ । आइतबार बिहान नेपालगञ्जबाट तारा एयरको विमान अवतरण भएसँगै विमानस्थल सञ्चालन भएको हो ।

मूल्य अभिवृद्धि करसहित रु. ६ करोडमा धावनमार्ग मर्मत भएको नागरिक उड्डयन प्राधिकरणका इन्जिनियर वीरप्रसाद शाहीले जानकारी दिनुभयो । धावनमार्गको एक सय ८५ मिटर मर्मत गरिएको हो ।

धानवमार्ग जीर्ण भएपछि विमान कम्पनीले जोखिम मोलेर उडान गर्न नसकिने बताउँदै आएका थिए । यो डोल्पाको एकमात्र विमानस्थल हो । ***रासस***

# पोखरामा फूटबल रेफ्री प्रशिक्षण

कास्की, ९ वैशाख (रासस) । राष्ट्रियस्तरका दक्ष फूटबल रेफ्री उत्पादनको लक्ष्यसहित पोखरामा आइतबारदेखि 'फूटबल रेफ्री प्रशिक्षण' सुरूआत भएको छ । गण्डकी प्रदेश फूटबल सङ्घले अखिल नेपाल फूटबल सङ्घ (एन्फा) सँगको सहकार्यमा सो प्रशिक्षण आयोजना गरेको हो । 'क्याटोगरी-४' अन्तर्गतको फूटबल रेफ्री प्रशिक्षण हो । प्रशिक्षण वैशाख १५ गतेसम्म सञ्चालन हुनेछ । सो तहको प्रशिक्षणमा आधारभुत तहको फूटबल रेफ्री प्रशिक्षण दिइनेछ ।

प्रशिक्षणमा दुई महिला र ३४ पुरूष गरी ३६ जनाको सहभागिता रहेको छ । सहभागीलाई सिनियर फूटबल रेफ्री श्रीराम राजशिखाकर, शैलेस जोशी, सचिन अमात्यलगायतले प्रशिक्षण दिनुहुने गण्डकी प्रदेश फूटबल सङ्घका महासचिव विनोद गुरूङले जानकारी दिनुभयो । फूटबलसम्बन्धी आधारभूत सीप र प्रविधिको विकास तथा रेफ्रीहरूलाई व्यावहारिक र सैद्धान्तिक ज्ञानका साथै खेल मैदानभित्र र बाहिर कसरी प्रस्तुत हुने भन्नेबारेमा तालिम प्रदान गरिने आयोजकले जनाएको छ ।

प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्य सचिव श्रीधर शर्माले आफ्नो क्षमतालाई खेल मैदानमा प्रस्तुत गरी फूटबल खेल विकासका लागि अघि बढ्न सहभागीहरूलाई आग्रह गर्नुभयो ।

एन्फाका वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्काले फूटबल विकासको लागि रेफ्रीहरूको उत्पादन आवश्यक रहेको बताउनुभयो ।

। सम्पादकीय ।

# गलत राजनीतिको विरोध आवश्यक

बहुमत जनता राजनीतिक र वैचारिकरूपले सचेत र सङ्गठित नभएसम्म सामन्त, पुँजीपतिहरूले शासन गरिरहनेमा शङ्का छैन। व्यापक जनताले कुन दलले कुन वर्गका जनताको प्रतिनिधित्व गरिरहेको छ; त्यो दलको सिद्धान्त र विचार कुन वर्गको पक्षमा छ भन्ने कुरा थाहा नपाएसम्म, थाहा पाएर ठेगान नलगाएसम्म जनताको यो समस्या हट्ने छैन। सामन्त या पुँजीपतिवर्गले श्रमजीवीवर्ग या शोषितपीडित जनताको पक्षमा ऐन कानुन र नीति निर्माण गर्ने छैन। जनताको आन्दोलन सेलाउन र जनताको आक्रोश मत्थर पार्न पुँजीपतिवर्गले सानातिना सुधार गर्छ; विकासको योजना बाँड्छ र केही गरेको जस्तो देखाउँछ। पुँजीवादी शासकहरू जनताको कमजोरीको फाइदा लिन्छन्। उनीहरू भ्रम फैलाउँछन्; झूटको राजनीति गर्छन्। लोभलालच देखाउने, फकाउने, पैसा बाँड्ने, धम्क्याउने त सामन्त र पुँजीपतिवर्गको चरित्र नै हो। जनताले सिद्धान्त र विचारअनुसार काम नगर्ने, भागबन्डा या पद र पैसामा भुलेर सिद्धान्त र विचार छोड्ने, सत्ता र शक्ति भएपछि जे पनि गर्न पछि नपर्ने दलका नेताहरूलाई जनताले राम्ररी चिन्नुपर्छ; चिनेर जनतामाझ उदाङ्ग्याउनुपर्छ।

सत्तासीन र ठुला दलका नेताहरूमा अडान देखिँदैन। देशमा भावी योजना र उद्देश्यको बखान गरी अहिलेको मात्र स्वार्थ खोज्ने अवसरवादी नेताहरूको सङ्ख्या बढिरहेको छ। अवसरवादी नेताहरूकै कारण देशमा सरकारको नेतृत्व या समीकरण छिनछिनमा फेरिएको हो। सरकारको नेतृत्व ताँसको घरझैँ भत्किरहेको छ। एमालेसमेत सहभागी भएको माओवादीको नेतृत्वमा रहेको वर्तमान सरकार पनि कुन बेला ढल्ने हो र नयाँ सरकार बन्ने हो, निश्चित छैन। देशका नदीनाला बेच्ने, सीमा अतिक्रमण गर्ने, नेपाली भूमि डुवानमा पार्ने, देश र जनतालाई दूरगामी असर पुऱ्याउने देशघाती र जनघाती सन्धि सम्झौता गर्ने र गराउन सघाउने दलका नेताहरूलाई जनताले राम्ररी चिन्नुपर्छ। देशघाती, जनविरोधी शासकहरूकै कारण देशको स्थिति दयनीय बन्दै गएको हो; जनताले दुःख पाइरहेका हुन्। त्यस्ता शासकहरूलाई पाखा लगाउन देश र जनताप्रति समर्पित, देश र जनताको हितमा सङ्घर्षरत दलका उम्मेदवारहरूलाई हामीले मतदान गरेर जिताउनुपर्छ। श्रमजीवीवर्गको पक्षमा राजनीति गर्ने दलका उम्मेदवारलाई छनोट गर्नुपर्छ।

सरकार आफ्नो खुट्टामा आफैँ उभिनुपर्छ। आफ्नो खुट्टामा उभिन नसकेसम्म देशले प्रगति गर्नसक्दैन; आत्मनिर्भर देश बनाउने कुरा त परकै विषय हो। देशको अर्थतन्त्र बाह्यरूपमा वैदेशिक एकाधिकार पुँजीवाद र आन्तरिकरूपमा दलाल तथा नोकरशाही पुँजीवादको नियन्त्रणमा रहेको छ। यसरी विदेशी दलालहरूको उठबसमा चल्ने सरकारले श्रमजीवीवर्गको हित कसरी हेर्ला र देशको मुहान कसरी फेर्ला ? बहुदलीय प्रतिस्पर्धाको आधारमा एक समय कम्युनिस्ट पार्टीले झन्डै दुईतिहाइ मत प्राप्त गरेर सरकार चलाएको भनी गर्व गरेर के गर्ने ? त्यो सरकारले बहुमत जनताको सेवाको निम्ति केही गर्न सकेको थिएन।

ठुला दलका नेताहरूले जसरी भए पनि सत्तामा पुग्ने दाउमात्र हेरिरहे। सरकारले गरिबी, बेरोजगारी र पछौटेपनको अन्त्य गर्नेतर्फ ध्यान नै दिएन। कम्युनिस्टको नीति, सिद्धान्त र उद्देश्य पूरा गर्नेतर्फ पाइलै चालेन। बरु ठुला पार्टीका नेताहरू अवसरवादी भए; सङ्कीर्ण विचारका भए र आत्मकेन्द्रित भए। नेताहरूमा महत्त्वाङ्क्षी र व्यक्तिवादी प्रवृत्ति हाबी भयो। शासक र ठुला नेताहरूको अडान नहुँदा सञ्चारमाध्यम र राजनीतिक विश्लेषकहरूले पनि अनेक बहानाबाजी गर्न थाले। देउवाको अस्त्रले टुट्दै सत्ता समीकरण, प्रम प्रचण्ड छटपटिए, सरकारमा रहेका नेताहरू शासक होइन नासक हुन्, कहीँ नभएको जात्रा मधेस र सुदूरपश्चिम प्रदेशमा, प्रचण्डको कुर्सी हल्लियो, माधव मिले काङ्ग्रेससँग, गठबन्धनमा नेकपा एसको विद्रोह, प्रचण्डले रवि र ओलीलाई हल्लि बनाए, नयाँ सरकार कि मध्यावधिजस्ता आदि सवालमा चर्चा परिचर्चा भइरहेको छ। यसले देशको राजनीति स्थिर नभएको, दलका नेताहरूमा अडान नभएको र देश गतिलो ढङ्गले अघि नबढेको प्रस्ट पार्छ।

# विदेशीको भर परेर आत्मनिर्भर बन्न सकिन्न

✦ रामरतन चौधरी

नेपाल सरकारले २०८१ वैशाख १६ र १७ गते काठमाडौँमा तेस्रो लगानी सम्मेलन गर्दै छ। नेपालमा लगानी बोर्डको स्थापनापछि २०७३ र २०७५ सालमा दुईपटक लगानी सम्मेलन भए। यस पटकको लगानी सम्मेलनमा सरकारले विभिन्न परियोजनाका साथै ऊर्जा, सञ्चार, प्रविधि, पर्यटन, कृषि प्रशोधन, म्यानुफ्याक्चरिङ, स्वास्थ्य, शिक्षा, यातायात, खानी तथा खनिज र उत्थानशील सहरी विकासलगायत क्षेत्रको क्षेत्रगत प्रोफाइलहरू प्रस्तुत गर्ने योजना बनाएको समाचार छ। विदेशी लगानी सुरक्षा गर्न विदेशी सेना आउँछ विदेशी सेना आएपछि नेपाल कसरी सार्वभौम हुन्छ ?

सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ ले लगानी बोर्डको कार्यालयलाई लगानी प्रवर्द्धन निकाय र राष्ट्रिय सार्वजनिक-निजी साझेदारी निकायका रूपमा काम गर्न अधिकार प्रदान गरेपछि लगानी बोर्डले विदेशमा लगानीकर्ता भेटघाट, परियोजना रोड शो, सभा, सम्मेलन, गोष्ठीलगायतका कार्यक्रम गर्दै आएको छ।

लगानी सम्मेलन गरिए पनि विदेशीले हचुवामा लगानी गर्दैन। लगानीकर्ताले विदेशी विनिमयसम्बन्धी कानुनको लचकता, करमा छुट दिने व्यवस्थासहितको कानुनको उदारता, सम्पत्ति राष्ट्रियकरण गर्ने व्यवस्था छ कि छैन, राजनीतिक स्थिरता छ कि छैन हेर्छ। राजनीतिक स्थिरतासम्बन्धी १७९ मुलुक समेटिएको 'फ्राजाइल स्टेट्स इन्डेक्स' ( कमजोर अवस्था सूचाङ्क) मा भने नेपाल ५५ औँ नम्बरमा छ। नेपाल यो इन्डेक्समा कमजोर देखिएको छ। शासक दलहरू सत्ताको निम्ति 'कुकुर झगडा' मा अल्झिरहेको कारण नेपालमा राजनीतिक स्थिरता पनि कायम हुन सकेन र आर्थिक उन्नति पनि भएन।

***नेपालले अन्तर्राष्ट्रिय बजारमा भारत र चीनसँग औद्योगिक उत्पादनमा प्रतिस्पर्धा गर्न सक्ने अवस्था छैन। यसर्थ नेपालको औद्योगिक क्षेत्रको उद्देश्य निर्यात बढाउनेभन्दा आयात प्रतिस्थापन गर्ने विषयमा केन्द्रित हुनुपर्ने विज्ञहरूको मत छ। यसर्थ नेपालको आफ्नै स्रोत साधन, लगानी र जनशक्ति उपयोग गरेर परियोजनाहरू सञ्चालन गर्नु उपयुक्त हुन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसङ्ख्याको ४८ प्रतिशत १५ देखि ५० वर्ष उमेर समूहका मानिसको छ। यस हिसाबले नेपालमा लगभग १ करोड ४१ लाख जनसङ्ख्या काम गर्न सक्ने उमेर समूहका छन्। १० वर्षमाथिका ६५.५ प्रतिशत जनसङ्ख्या पनि आर्थिकरूपमा सक्रिय छन्। यही जनशक्तिलाई प्रयोग गरेर नेपालले आफ्नो प्रगतिको गोरेटो कोर्नुपर्छ।***

लगानी आकर्षित गराउने नाममा विदेशीले नेपालको कानुनलाई लचिलो बनाउन दबाब दिँदै छन्। साम्राज्यवादी देशहरूले आफू अनुकूल कानुन निर्माण गराउन लगाउँछन्। उनीहरूको चाहनाअनुसार कानुन निर्माण भए देशको सार्वभौमिकतामा हस्तक्षेप हुनेछ। यस्तो विषयमा सरकार गम्भीर बन्नुपर्छ। सरकारले सन् १९९१ देखि नै विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, औद्योगिक व्यवसाय ऐनजस्ता कानुनहरू निर्माण गरी विदेशी लगानीकर्तालाई करमा सहुलियत दिएर लगानी आकर्षित गर्ने प्रयास गर्दै आएको हो। तर, पनि नेपालमा उद्योगको विकास हुन सकेन। नेपालमा राज गरिरहेका भारतीय एकाधिकार पुँजीले नेपालको औद्योगिक विकास चाहेको छैन। यसकारण, भारतीय एकाधिकार पुँजीको विरोध गर्नु जरुरी छ।

सरकार जसरी पनि विदेशी लगानी भित्र्याउने भन्दै छ। एउटा अन्तर्वार्तामा अर्थमन्त्री वर्षमान पुनले भने, "भारतमा १० वर्षमा १० हजार मेगावाट, बङ्गलादेशमा १५ वर्षमा ९ हजार मेगावाट बिजुली बिक्री गर्ने योजना कार्यान्वयन गर्न हामीसँग पुग्दो लगानी छैन। त्यसैले जोसुकै लगानीकर्ता पनि आँखा चिम्म गरेर नेपालको ऊर्जा क्षेत्रमा आए हुन्छ।" नेपालको नदीनाला र खनिज भारतीय एकाधिकार पुँजीलाई दिने मन्त्री कसरी देशभक्त होलान् ?

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले भने, "लगानी बोर्डको सचिवालय र निर्देशक समितिले अहिले विदेशी लगानीकर्तालाई कसरी मुलुकभित्र उनीहरूको लगानी ल्याई समृद्धिको योजना कार्यान्वयन गर्ने भन्नेमा मुख्य ध्यान दिइरहेको छ। कानुनी जटिलता कम गरी निजी क्षेत्र र विदेशी लगानीमैत्री बनाउन संशोधनको प्रयास भइरहेको छ।" विदेशी लगानीले देश समृद्ध होइन मगन्ते देशमा परिणत हुनेछ। केही दिनअघि एक अमेरिकी १० अर्ब राजस्व छलेको सार्वजनिक भयो। एमसीसी सम्झौतामा अमेरिकी नीति र कानुन पालना गर्नुपर्ने व्यवस्था छ।

सन् २०२६ सम्ममा नेपाल अति कम विकसित मुलुकबाट विकासोन्मुख मुलुकमा स्तरोन्नति हुने अनुमान गरिएको छ भने सन् २०३० सम्ममा मध्य आय भएको देश हुने सरकारी योजना तथा कार्यक्रम छ। निम्न मध्यम आय भएको देश हुन प्रतिव्यक्ति आय वार्षिक २,५०० अमेरिकी डलर हुनुपर्छ। त्यसको लागि आगामी ६ वर्षभित्र नेपालको कुल गार्हस्थ उत्पादन कम्तीमा १०० अर्ब डलर पुग्नुपर्दछ। गत तीन दशकमा नेपालको औसत आर्थिक वृद्धिदर करिब ४.३६ प्रतिशत मात्र रहेको छ। विश्व बैङ्कले हालसालै नेपालको आगामी वर्ष आर्थिक वृद्धिदर ३.३ प्रतिशतमात्रै रहने आकलन गरेको छ। यसले नेपालको अर्थतन्त्र सहज नभएको सङ्केत गर्छ।

नेपालमा उद्योगको सुरुआत भारतभन्दा करिब ८ दशकपछि मात्रै भएको हो। नेपालमा सन् १९३६ मा पहिलो उद्योगको रूपमा विराटनगर जुट मिल खुलेको थियो। त्यसपछि सन् १९९६ सम्ममा निर्माण क्षेत्रबाहेक औद्योगिक क्षेत्रको हिस्सा नौ प्रतिशत पुगेको थियो। तर, सरकारहरूले उचित ध्यान नपुऱ्याउँदा औद्योगिक क्षेत्रको हिस्सा घटेर अहिले पाँच प्रतिशतमा झरेको छ। श्रीलङ्काको जीडीपीमा औद्योगिक क्षेत्रको हिस्सा ३० प्रतिशतको हाराहारीमा छ भने बङ्गलादेशको २५ प्रतिशत हाराहारी पुगिसकेको छ। तर, नेपालको सार्वजनिक संस्थानहरू सस्तोमा बिक्री गरिएको हुँदा निर्यात घटेर आयात बढ्यो। कृषिजन्य उत्पादनमा मात्र नेपालको आयात करिब २४ प्रतिशत पुग्यो।

अहिले नेपालमा सिमेन्ट उद्योग करिब ५ दर्जन नाघ्यो। नेपालमा सिमेन्टको माग वार्षिक १ करोड टन छ भने उत्पादन क्षमता करिब डेढ करोड टन हाराहारी पुग्यो। सिमेन्ट निर्यात गर्न सक्ने अवस्थामा नेपाल छ। तर, सिमेन्ट बनाउन चाहिने क्लिङ्कर अझै पनि विदेशबाट आयात गर्नुपरेको छ। नेपालमा चुनढुङ्गाको भण्डार १.७ अर्ब टन रहेको अनुमान छ। यसको सदुपयोग सरकारले गर्न सकिरहेको छैन।

नेपालले अन्तर्राष्ट्रिय बजारमा भारत र चीनसँग औद्योगिक उत्पादनमा प्रतिस्पर्धा गर्न सक्ने अवस्था छैन। यसर्थ नेपालको औद्योगिक क्षेत्रको उद्देश्य निर्यात बढाउनेभन्दा आयात प्रतिस्थापन गर्ने विषयमा केन्द्रित हुनुपर्ने विज्ञहरूको मत छ। यसर्थ नेपालको आफ्नै स्रोत साधन, लगानी र जनशक्ति उपयोग गरेर परियोजनाहरू सञ्चालन गर्नु उपयुक्त हुन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसङ्ख्याको ४८ प्रतिशत १५ देखि ५० वर्ष उमेर समूहका मानिसको छ। यस हिसाबले नेपालमा लगभग १ करोड ४१ लाख जनसङ्ख्या काम गर्न सक्ने उमेर समूहका छन्। १० वर्षमाथिका ६५.५ प्रतिशत जनसङ्ख्या पनि आर्थिकरूपमा सक्रिय छन्। यही जनशक्तिलाई प्रयोग गरेर नेपालले आफ्नो प्रगतिको गोरेटो कोर्नुपर्छ। तर, ८० लाख नेपालीलाई वैदेशिक रोजगारीमा पठाइएको छ। विदेशीको भर परेर आत्मनिर्भर बन्न सकिन्न। विदेशी पुँजी बालीमा साँढे पसेजस्तो नहोस्!

***२०८१ वैशाख २ गते***

# खानेपानीको हाहाकार



पाठक पत्र

majdurdaily@gmail.com

तपाईँको पत्रिकामार्फत जनताको समस्या राख्न गइरहेकी छु। गर्मीयामसँगै दिनानुदिन खानेपानीको हाहाकार बढ्दो छ। नगरकोटबाट आउने खानेपानी व्यवस्थित नहुँदा कमलविनायक, नगाँचा, भोलाछेँलगायतका स्थानमा खानेपानीको चरम अभाव भइरहेको छ। यहाँ मेलम्ची र बोडेको पनि पानी आउँदैन।

ट्याङ्कीमा भएको पानी व्यवस्थित वितरण गरे केही हदसम्म समस्या कम हुन्छ। तर, पानी खोल्ने कर्मचारीको बदमासीको कारण हामी उपभोक्ताले दुःख पाइराखेका छौँ। पानी आउने दिनमा हाम्रो टोलमा पानी नपठाई अन्यत्र पठाइरहेको कुरा अफिसका हाकिमलाई जानकारी गराउँदा समेत कुनै सुनुवाइ भएन।

खानेपानी अफिसका हाकिम आफैँ कसैको लहलहैमा लागेर वा पैसा खाएर हाम्रो टोलमा पानी नपठाएको हो कि ? होइन भने हामीले महिनै पिच्छे पैसा (महशुल) तिरेका छौँ। महिनैपिच्छे महशुल तिरे पनि पानी खान पाइरहेका छैनौँ। हाम्रो यो बाध्यता खानेपानी संस्थानले किन बुझ्दैन ? जनताले पानी पाए नपाएको बरोबर निरीक्षण गर्नुपर्ने हाकिमहरू हाम्रो टोलमा कहिल्यै आएको थाहा छैन। हामीले तिरेको महशुलले तलब भत्ता खाएका हाकिमहरूले जनताको दुःख बुझ्नुपर्छ कि पर्दैन ? जनतालाई पानी नखुवाउने भए खानेपानी कार्यालयको के औचित्य ?

जहाँ समस्या त्यहीँ उपाय भन्ने भनाइ हाम्रो टोलको लागि सत्य नभएको हुँदा तपाईँको पत्रिकामार्फत खानेपानी कार्यालयको ध्यानाकर्षण गराउन चाहन्छु।

***- सन्ध्या***

# संरा अमेरिकामा प्रजातन्त्रको अवस्था - ४

**ग) कोभिड-१९ महामारीको खराब व्यवस्थापन**

संरा अमेरिका आफूसँग संसारकै सर्वोत्कृष्ट स्वास्थ्य र औषधि उपचारको स्रोत भएको दाबी गर्छ । तर, कोभिड प्रतिरोधको समयमा त्यहाँको स्वास्थ्य क्षेत्र पूर्णत: भद्रगोल देखियो । संरा अमेरिका संसारकै सबभन्दा बढी कोभिड सङ्क्रमण फैलिएको र त्यही कारण मानिसको निधन भएको देश बन्यो ।

जोन हप्किन्स विश्वविद्यालयले प्रकाशन गर्दै आएको तथ्याङ्कअनुसार सन् २०२१ को नोभेम्बर महिनाको मसान्तसम्ममा संरा अमेरिकामा कोभिड-१९ को सङ्क्रमण भएका मानिसको सङ्ख्या ४ करोड ८० लाख नाघ्यो । कोभिडको कारण मर्नेको सङ्ख्या ७ लाख ७० हजार नाघ्यो । यो दुवै सङ्ख्या संसारकै सबभन्दा उच्च हो ।

सन् २०२१ को जनवरी ८ मा एकै दिन ३ लाख ७ सय ७७ जना अमेरिकीलाई कोभिडको सङ्क्रमण पुष्टि भयो । संरा अमेरिकामा कोभिड-१९ को सङ्क्रमण फैलिएयता एकै दिनमा यति धेरै सङ्ख्यामा सङ्क्रमण भएको यो सबभन्दा उच्च सङ्ख्या थियो । त्यस्तै, जनवरी १३ मा एकै दिन कोभिड-१९ को सङ्क्रमणबाट ४ हजार १ सय ७० जना अमेरिकीले ज्यान गुमाए । सन् २००१ को सेप्टेम्बर ११ मा भएको आतङ्कवादी हमलामा समेत त्यति सङ्ख्यामा मानिसले ज्यान गुमाएका थिएनन् ।

नोभेम्बर महिनाको मसान्तसम्ममा संरा अमेरिकामा दैनिक औसत कोभिड सङ्क्रमणको दर बढेर ७० हजार पुगेको थियो भने दैनिक मर्नेको औसत सङ्ख्या बढेर ७ सय पुगेको थियो ।

हरेक ५ सय जना अमेरिकीमध्ये एक जनाको कोभिड-१९ का कारण मृत्यु भएको छ । अहिलेसम्म कोभिड-१९ को कारण संरा अमेरिकामा मर्नेको सङ्ख्या सन् १९१९ को इन्फ्लुयन्जा महामारीमा मर्नेको सङ्ख्याभन्दा बढी पुगेको छ । त्यस्तै, प्रथम विश्वयुद्ध, दोस्रो विश्वयुद्ध, कोरिया युद्ध, भियतनाम युद्ध, इराक युद्ध र अफगान युद्ध सबैमा मारिने अमेरिकीको कुल सङ्ख्यालाई कोभिडको कारण मर्नेको सङ्ख्याले उछिनिसकेको छ ।



संरा अमेरिकाले विज्ञानमा आधारित भएर महामारीको प्रतिरोध गरेको भए धेरै मानिसको जीवन जोगाउन सकिन्थ्यो । सरुवा रोग विशेषज्ञ तथा संरा अमेरिकी रोग नियन्त्रण र रोकथाम केन्द्रका पूर्वप्रमुख विलियम फोइजले महामारीमा भएको मृत्युलाई ‘हत्या’ को संज्ञा दिएका छन् ।

महामारीको कारण संरा अमेरिकी अर्थतन्त्रले ठुलो नोक्सानी व्यहोरेको छ । त्यहाँ बन्द भएका व्यापार र बेरोजगारीको दर कल्पनाभन्दा बाहिर छ । ठुलो सङ्ख्यामा अमेरिकीहरूले रोजगारी गुमाएका छन् । सामाजिक अस्थिरता बढ्दा मानिसका चिन्ता र कमजोर भावना अझ गहिरो बनेको छ ।

संरा अमेरिकी बजेट तथा नीति प्राथमिकता केन्द्रले सन् २०२१ को जुलाई २९ मा सार्वजनिक गरेको कोभिड कठिनाइ पर्यवेक्षण (कोभिड हार्डसीप वाच) अनुसार सन् २०२० को डिसेम्बरको तुलनामा अवस्थामा सुधार भए पनि अमेरिकी जनताको कठिनाइ सन् २०२१ को पहिलो छ महिनामा अझ बढेको थियो । आफ्नै घरमा बस्दै आएका झन्डै २ करोड अमेरिकीलाई खानलाई समेत धौ धौ भयो । १ करोड १४ लाख अमेरिकीहरू भाडामा बस्छन् । उनीहरूले कोठा भाडा तिर्न सकेका छैनन् । भाडा तिर्न नसकेकाले उनीहरू कुनै पनि बेला कोठाबाट निकालिन सक्छन् ।

संरा अमेरिकी तथ्याङ्क विभागले सार्वजनिक गरेको तथ्याङ्कले देखाएअनुसार सन् २०२१ को जुलाईसम्ममा घरमा कम उमेरका आफैँले कमाउन नसक्ने बालबालिका भएका २२ प्रतिशत घर परिवारको कम्तीमा एक जना मानिसले आम्दानीको स्रोत गुमाएको छ ।

संरा अमेरिकी उपभोक्ताहरूको आत्मविश्वास नराम्ररी भत्किएको छ । रोजगार बजारको पुन:स्थापना प्रगतिशून्य छ । गोल्डम्यान सच्स, मोर्गन स्टान्ले र अक्सफोर्ड इकोनोमिक्सजस्ता संस्थाहरूले संरा अमेरिकी अर्थतन्त्रमा हुने वृद्धिको पूर्वानुमानमाथि पुन:विचार गरेका छन् । यही बेला तीन चरणको बृहत् आर्थिक प्रोत्साहन योजना लागु भएपछि अन्य धेरै कुरासँगै सामान आपूर्ति ठप्प छ । जसले मुद्रास्फीति दर अझ अकाशिएको छ । यो वर्ष सन् २०२१ को अक्टोबर महिनामा संरा अमेरिकी उपभोक्ता मूल्य सूचाङ्क ( सीपीआई) अघिल्लो वर्षको तुलनामा ६.२ प्रतिशतले बढेको छ । त्यसपछिका ६ महिना लगातार सीपीआई कम्तीमा ५ प्रतिशतले बढेको छ । सन् २००८ यता यो सीपीआईमा सबभन्दा ठुलो वृद्धि हो ।

संरा अमेरिकामा कोरोना भाइरस लगातार फैलिनुको मूल कारण विज्ञानको कमी होइन, बरु विज्ञानमा विश्वास र भर पर्न नचाहेर हो । चुनावमा जित्न केही राजनीतिक नेताहरूले देशको हितभन्दा माथि आफ्नो दलको हितलाई राखे । महामारीको प्रतिरोधलाई राजनीतीकरण गरियो । अनि, एकअर्कालाई दोषारोपण गर्दै बसे । सङ्घ र राज्य सरकारहरूले आपसमा मिलेर महामारीको प्रतिरोधमा मूर्त कामलाई प्रभावकारी बनाउन सकेनन् । बरु, एकआपसमा झगडा गरेर समय खेर फाले । फलत: महामारी प्रतिरोध र रोकथामको कामको निकै राजनीतीकरण गरियो । खोप र मास्क लगाउने विषयलाई पार्टीहरूले जनताबिच झगडाको विषय बनाइदिए । संरा अमेरिकामा बौद्धिकताको विरोधको लहर नै उठ्यो ।

फ्रान्सको अखबार ‘Le Monde’ मा प्रकाशित समाचारमा कोभिड-१९ सङ्कटको खराब व्यवस्थापनले संरा अमेरिकी प्रजातन्त्रको खराबी वा कमजोरी उजागर गरेको उल्लेख छ । धनीमानीको लागि मात्र उपचार गर्नसक्ने ज्यादै महँगो स्वास्थ्य प्रणालीले गरिब जनतालाई सामाजिक सुरक्षाबाट वञ्चित बनायो । अझै पनि संसारकै विकसितमध्येको त्यो देश सामाजिक अन्यायको खाल्डोमा धकेलिएको छ । यो प्रजातान्त्रिक क्षयको विशेष अवस्था हो जसले सङ्कटको प्रभावकारी व्यवस्थापनलाई असम्भव बनाएको छ ।

स्टानफोर्ड न्युजले जनस्वास्थ्यको क्षेत्रमा कोभिड-१९ महामारीले काला तथा अन्य अल्पसङ्ख्यक समुदायमाथि असमानुपातिक प्रभाव पारेको छ । काला, गोरा र अन्य समुदायको स्वास्थ्यमा विभेदलाई सतहमा ल्याएको छ ।

**घ) धनी र गरिबबिचको फराकिलो अन्तर**

धन वितरणको आधारमा अरू कुनै पनि पश्चिमा देशभन्दा संरा अमेरिका सबभन्दा बढी ध्रुवीकृत छ । सन् २०२१ मा संरा अमेरिकाको धनी र गरिबबिचको भेद मापन गर्ने आर्थिक औजार गिनि कोफिसेन्ट ०.४८ पुगेको छ । बितेका ५ दशकमा यो झन्डै सबभन्दा उच्च दर हो । संरा अमेरिकी चिन्तन संस्था ‘नीति अध्ययन प्रतिष्ठान’ ले सार्वजनिक गरेको प्रतिवेदनअनुसार सन् १९९० देखि २०२१ सम्ममा संरा अमेरिकी अर्बपतिहरूको कुल सम्पत्ति १९ गुणाले बढेको छ । त्यही अवधिमा संरा अमेरिकाको मध्यम धन (मेडियन वेल्थ) भने जम्मा ५.३७ प्रतिशतले मात्र बढेको छ । संरा अमेरिकाको तीतो सत्य भनेको त्यहाँ धनी झन्झन् धनी भइरहेका छन् भने गरिब अझ गरिब ।




फेड (Fed) नामको संस्थाले सन् २०२१ को अक्टोबरमा सार्वजनिक गरेको तथ्याङ्कअनुसार मध्यम आय भएका ६० प्रतिशत मध्यमवर्गले यो वर्षको जूनसम्ममा आफ्नो कुल सम्पत्तिमा राष्ट्रिय धनको २६.६ प्रतिशतले कम भएको देखे । बितेका तीन दशकमा यो सबभन्दा न्यूनतम अवस्था हो । सबभन्दा धनी एक प्रतिशत मानिसको हातमा भने कुल राष्ट्रिय धनको २७ प्रतिशत छ । त्यो एक प्रतिशत धनीहरूले सिङ्गो ‘मध्यम वर्ग’ लाई धन वितरणमा उछिनेका छन् ।

युसी बर्कलेका अर्थशास्त्री इमानुएल सैजको अध्ययनअनुसार औसत वार्षिक आम्दानीको आधारमा अमेरिकाका सबभन्दा धनी दस प्रतिशत मानिसले सबभन्दा गरिब ९० प्रतिशत मानिसको तुलनामा नौ गुणाले बढी धन कमाउँछन् । सबभन्दा धनी १ प्रतिशत मानिसले उनीहरूभन्दा गरिब ९० प्रतिशत अमेरिकीको तुलनामा झन्डै चालीस गुणा बढी कमाउँछन् । त्यस्तै, अमेरिकाका अति धनी ०.१ प्रतिशत अमेरिकीहरूले उनीहरूभन्दा गरिब ९० प्रतिशत अमेरिकीहरूको तुलनामा १९६ गुणा बढी धनार्जन गर्छन् ।

कोभिड-१९ महामारीपछि संरा अमेरिकाले जारी गरेको प्रोत्साहन नीतिले सेयर बजारलाई उकासेको छ । जसले धनी र गरिबबिचको खाडललाई अझै फराकिलो बनाएको छ । संरा अमेरिकी अर्बपतिको धन १.७६३ त्रिलियन डलर पुगेको छ । अर्थात्, संरा अमेरिकामा कोभिड फैलिए यताका १६ महिनामा उनीहरूको सम्पत्ति ५९.८ प्रतिशतले बढेको छ । सबभन्दा धनी १० प्रतिशतसँग अहिले संरा अमेरिकाका सबै सेयरको ८९ प्रतिशत छ । यो नयाँ ऐतिहासिक उत्कर्ष हो ।

संरा अमेरिकामा धनको केन्द्रीकरण त्यहाँको राजनीतिक व्यवस्था र त्यहाँको सरकारले प्रतिनिधित्व गर्ने पुँजीको हितमा अन्तरनिहित छ । ‘वाल स्ट्रिट कब्जा गर आन्दोलन’ देखि हालैको ‘वाल स्ट्रिटको रिसाएको साँढेलाई हराम्बी तोलाएर बस्छ’ सम्म भनेर अमेरिकी जनताले फराकिलो बन्दै गएको धनको विभेदलाई सराप्न कहिल्यै छोडेनन् । तर, परिवर्तन भने केही पनि भएन ।

संरा अमेरिकामा शासन चलाइरहेकाहरूले केही गर्दैनन्, आर्थिक असमानताको खाडल बढाउने काममात्र गर्छन् । महामारीले अमेरिकी समाजको शासनलाई थप उदाङ्ग्याइदिएको छ । सबभन्दा पहिला धन, सबभन्दा पहिला धनी ।

**ङ) नाममात्रको ‘अभिव्यक्ति स्वतन्त्रता’**


संरा अमेरिकामा सञ्चारमाध्यमलाई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासँग दाँजेर ‘राज्यको चौथो अङ्ग’ भनिन्छ । पत्रकारहरूलाई ‘श्रीपेच नभएका राजाहरू’ भनिन्छ । सञ्चारमाध्यमहरूले पनि आफूलाई राजनीतिबाट स्वतन्त्र दाबी गर्छन् । स्वतन्त्रता र सत्यको पक्ष लिने भन्छन् । तर, खासमा उनीहरू धनीमानीको सेवा र दलीय राजनीतिको सेवा गरिरहेका हुन्छन् ।

मुट्ठीभर व्यापारिक सञ्चार समूहले संरा अमेरिकी सञ्चारमाध्यमहरूमाथि नियन्त्रण जमाएका छन् । उनीहरूले नै ठुलो प्रभावसहित राजनीतिक शक्तिको भूमिका खेल्ने गर्छन् ।

सन् १९९६ को दूरसञ्चार ऐनअनुसार संरा अमेरिकाको सङ्घीय सरकारले सञ्चारमाध्यमका मालिकहरूलाई निश्चित नियममा छुट दिनुपर्छ । त्यो प्रावधानको कारण संरा अमेरिकी सञ्चारमाध्यमहरूमा एकआपसमा मिल्ने (मर्जको) अभूतपूर्व उभार उठ्यो र सञ्चारमाध्यमको विविधता एवम् स्वाधीनतामा ठुलो क्षयीकरण भयो । सञ्चारमाध्यमको सङ्ख्यामा ठुलो कटौतीको कारण केही निश्चित सङ्ख्याका कम्पनीले आफ्नो एकाधिकार कायम गर्न सफल भए ।

संरा अमेरिकामा ९० प्रतिशत सञ्चारमाध्यमहरू केही व्यापारिक सञ्चार समूहहरूको नियन्त्रणमा छन् । ती सञ्चार समूहले वार्षिकरूपमा कमाउने खुद नाफा केही विकासशील देशहरूको कुल गार्हस्थ उत्पादनभन्दा बढी छ ।

यी सञ्चार समूह आफ्नो व्यापारको प्रभाव अझ फैलाउने क्रममा अमेरिकी राजनीतिभित्र पनि पसेका छन् । उनीहरू दबाब, जनसम्पर्क अभियान वा राजनीतिक चन्दामार्फत राजनीतिक प्रक्रियालाई प्रभावित बनाउन खोज्छन् । संरा अमेरिकी सञ्चार एकाधिकारहरू नागरिक तथा राजनीतिक अधिकारका ‘अदृश्य हत्यारा’ बनिसकेका छन् ।




पश्चिमा मिडियाले धानेको अमेरिकी प्रजातन्त्र

अर्बाना-स्याम्पेनको इलिनिओस विश्वविद्यालयका प्राध्यापक र सञ्चार क्षेत्रको राजनीतिक अर्थशास्त्र अध्ययनका संरा अमेरिकी विद्वान् रोबर्ट मेचान्सले आफ्नो पुस्तक ‘रिच मिडिया, पोर डेमोक्रेसी’ (धनी सञ्चार क्षेत्र, गरिब प्रजातन्त्र) मा नाफामुखी सञ्चार कम्पनीहरूले मानिसहरूलाई मनोरञ्जनात्मक कार्यक्रममा कैद बनाएर विविध सूचनाको पहुँचबाट वञ्चित गरेको लेखेका छन् । उनले सार्वजनिक मामिलाबाट जनताको ध्यान अन्यत्र पठाउने, के ठीक र के बेठीक भन्ने कुरा निर्क्योल गर्ने क्षमतामा ह्रास ल्याउने र सामाजिक नीतिको निर्णय प्रक्रियामा जनताको आवाज दबाउने काम सञ्चारमाध्यमले गरिरहेको बताए । सञ्चारमाध्यमको कथनीको प्रभाव हाबी रहने अमेरिकी समाजमा नागरिक र राजनीतिक सक्रियताको पुरानो मान्यता क्षीण बन्दै गएको छ । राजनीतिबाट नागरिकलाई अलग राख्ने प्रक्रिया (डिपोलिटिसाइजेसन) ले राजनीतिलाई नागरिकविनाको खेल बनाएको छ ।

मायामीको ‘न्यु हेराल्ड’ मा प्रकाशित समाचारमा सञ्चारमाध्यममा सबै धनीमानी र व्यापारिक समूहहरूले नियन्त्रण जमाएको अवस्थामा सर्वसाधारण जनताले तथ्य र राजनीतिक प्रचारबाजीबिच भेद छुट्ट्याउन नसकेको बताइएको छ ।

संरा अमेरिका अब प्रजातन्त्रको ‘पहरेदार’ रहेन । संरा अमेरिकी सञ्चारमाध्यममा वामपन्थी र दक्षिणपन्थीबिचको राजनीतिक रस्साकसीले दुई दलबिचको भिडन्त र विभाजनलाई अझ गहिरो बनाएको छ । धनी र सर्वसाधारणबिचको दूरी अझ बढाएको छ । त्यस्ता झगडाले संरा अमेरिकामा राजनीतिक ध्रुवीकरण अझ फराकिलो बनाएको छ । वामपन्थीहरूलाई अझ बायाँ धकेलेको छ भने दक्षिणपन्थीलाई अझ दायाँ धकेलेको छ । फलत: संरा अमेरिकामा अतिवादी विचारधारा र लोकप्रियतावाद (पपुलिज्म) अझ फैलाउन टेवा पुऱ्याएको छ ।

कोरिया गणतन्त्रका चिन्तन संस्था सेजोङ प्रतिष्ठानले गरेको अध्ययनअनुसार संरा अमेरिकामा ८० प्रतिशतभन्दा बढी अनुदारपन्थी मतदाताहरूले मूलधारका सञ्चारमाध्यमहरू, जस्तै- न्यु योर्क टाइम्सका समाचारलाई झूटा सूचना वा पूर्वाग्रही समाचारको रूपमा हेर्ने गर्छन् । मतदाताहरू केही सीमित सञ्चारमाध्यमकै समाचारमा विश्वास गर्छन् । राष्ट्रिय तहमा भइरहेको सूचनाप्रति उनीहरू बेवास्ता गर्छन् । गहन बहस र सहमति बनाउने प्रयासलाई चर्को राजनीति एवम् नकारात्मक दलगत विभाजनले विस्थापन गरेको छ ।

अक्सफोर्ड विश्वविद्यालय र रोयटर्स प्रतिष्ठानले सार्वजनिक गरेको सन् २०२१ को डिजिटल न्युज रिपोर्टले ४६ वटा सहरमा ९२ हजार अनलाइन समाचारका उपभोक्ताबिच गरिएको सर्वेक्षणले संरा अमेरिकामा समाचारप्रतिको विश्वास सबभन्दा न्यून अर्थात् २९ प्रतिशत मात्र रहेको देखाएको छ ।

आजको सूचनाको युगमा पुराना सञ्चारमाध्यम क्रमश: ओरालो लागिरहेका छन् । सामाजिक सञ्चारमाध्यम (सोसिएल मिडिया) सर्वसाधारण जनताको लागि नयाँ लोकप्रिय माध्यम बनेका छन् । तथापि, पुराना सञ्चारमाध्यमजस्तै सामाजिक सञ्चारमाध्यम पनि ठुला पुँजी र स्वार्थ समूहको नियन्त्रणमा छन् । आफ्नो वेबसाइट हेर्ने मानिसको सङ्ख्या बढाउन सामाजिक सञ्चारमाध्यमहरूले ‘सूचनाको घर’ बनाउने नारा प्रयोग गर्छन् । तर, उनीहरूले सम्प्रेषण गर्ने सूचनाको कुनै परीक्षण पनि हुँदैन र त्यसमा नियन्त्रण पनि हुँदैन । त्यसले प्रयोगकर्तालाई उनीहरूसँग पहिला नै रहेको विचारलाई अझ प्रबल बनाउन मद्दत गर्छ । पहिचानको राजनीतिलाई अझ बलियो बनाउँछ र जनमत अझ विभाजित गर्छ ।

सन् २०२१ को अक्टोबरमा फेसबुक कम्पनीका पूर्वकर्मचारी फ्रान्सिस हौजेनले फेसबुकसँग भएका दसौं हजार धमाकेदार गोप्य दस्तावेज सार्वजनिक गरिन् । उनले कोलम्बिया प्रसारण प्रणाली (सीबीएस) मार्फत फेसबुकले प्रयोगकर्तालाई आफूप्रति आकर्षित बनाइराख्न र नाफा कमाउन व्यापक जनताको हितलाई समेत तिलाञ्जली दिन नहिच्किचाउने वास्तविकताको पर्दा खोलिदिइन् । फेसबुक सामाजिक अतिवादीको प्रमुख दबु बन्दै आएको छ । झूटा अभिव्यक्ति एवम् गलत र भ्रामक सूचना दिन फेसबुकको व्यापक प्रयोग हुने गरेको छ । यस्ता घृणामा आधारित अभिव्यक्तिमध्ये ३-५ प्रतिशतमाथि मात्र कारबाही हुने गरेको छ । त्यस्तै, फेसबुकमार्फत हुने हिंसा वा दुरुत्साहनका दोषीमध्ये ०.६ प्रतिशतलाई मात्र कारबाही हुने गरेको छ ।

# रफाहमा इजरायली आक्रमणमा अधिकांश बालबालिकासहित १३ को मृत्यु



रफाह (गाजा क्षेत्र), २१ अप्रिल (एपी)। दक्षिणी गाजा सहर रफाहमा रातभर भएको इजरायली आक्रमणमा नौ बालबालिकासहित १३ जनाको मृत्यु भएको स्वास्थ्य अधिकारीहरूले आइतबार बताएका छन्।

गाजाका २३ लाख जनसङ्ख्याको आधाभन्दा धेरैले शरण मागेको रफाहमा इजरायलले करिब दैनिक आक्रमण गरेको छ। अमेरिकासहित अन्तर्राष्ट्रिय स्तरले संयमता अपनाउन आग्रह गरे पनि इजरायलले इजिप्टको सिमानामा रहेको रफाहमा आफ्नो स्थल आक्रमण विस्तार गर्ने वाचा गरेको छ।

कुवैती अस्पतालका अनुसार पहिलो आक्रमणमा एक पुरुष, उनकी पत्नी र उनीहरूको तीन वर्षीय बालकको मृत्यु भएको छ। अस्पतालले महिला गर्भवती रहेको र चिकित्सकहरू बच्चालाई बचाउन सफल रहेको बताएको छ।

अस्पतालको रेकर्डअनुसार दोस्रो आक्रमणमा एउटै परिवारका आठ बालबालिका र दुई महिलाको मृत्यु भएको छ। अघिल्लो रात रफाहमा भएको हवाई आक्रमणमा छ बालबालिकासहित नौ जना मारिएका थिए।

स्थानीय स्वास्थ्य अधिकारीहरूका अनुसार इजरायल-हमास युद्धमा ३४ हजारभन्दा बढी प्यालेस्टिनी मारिएका छन् भने गाजाका दुई सबैभन्दा ठुला सहर ध्वस्त भएका छन् र सम्पूर्ण क्षेत्रमा विनाश भएको छ। करिब ८० प्रतिशत जनसङ्ख्या आफ्नो घरबाट भागेर घेरिएको तटीय क्षेत्रका अन्य भागमा गएका छन्। विशेषज्ञहरूले ती क्षेत्र भोकमरीको सङ्घारमा रहेको बताएका छन्।

सातौं महिनामा चलिरहेको युद्धले क्षेत्रीय अशान्ति फैलाएको छ। यसबाट इजरायल र अमेरिका सम्पूर्ण मध्यपूर्वमा इरान र सम्बद्ध लडाकू समूहहरूविरुद्ध खडा भएका छन्। यसै महिनाको प्रारम्भमा इजरायल र इरानबिच प्रत्यक्ष गोलीबारी हुँदा लामो समयदेखिको उनीहरूको शत्रुताले युद्धको डर बढाएको छ।

इजरायलले कब्जा गरेको वेस्ट बैङ्कमा पनि तनाव बढेको छ। इजरायली सेनाका अनुसार सैनिकहरूले आइतबार बिहानै दक्षिणी वेस्ट बैङ्क सहर हेब्रोन नजिकै एक जाँच चौकीमा चक्कु र बन्दुकले आक्रमण गर्ने दुई प्यालेस्टिनीलाई 'निष्क्रिय' बनाएको बताएको छ।

प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयका अनुसार गाजामा युद्ध सुरु भएपछि वेस्ट बैङ्कमा इजरायली सैनिक र बसोबास गर्नेहरूबाट कम्तीमा चार सय ६९ प्यालेस्टिनी मारिएका छन्। अधिकांश मानिस इजरायली सैन्य गिरफ्तारी छापा मार्ने क्रममा मारिएका छन्।

# चिनियाँ वैज्ञानिकहरूले पत्ता लगाए अन्टार्कटिकामा ४६ वटा सबग्लेसियल ताल

साङ्घाई, २१ अप्रिल (सिन्हवा)। चिनियाँ वैज्ञानिकहरूले एक नयाँ विश्लेषण विधि प्रयोग गरी पूर्वी अन्टार्कटिकामा बरफको पत्रमुनि ४६ वटा सबग्लेसियल ताल फेला पारेका छन्।

अन्टार्कटिका दुई हजार चार सय मिटरभन्दा बढीको औसत मोटाइसहित विशाल बरफले ढाकिएको छ। यस बरफको पत्रमुनि असङ्ख्य सबग्लेसियल तालहरू रहेका छन्।

पोलार रिसर्च इन्स्टिच्युट अफ चाइना (पीआरआइसी) को अनुसन्धान समूहका नेता ताङ जुयुआनका अनुसार पग्लिँदै गरेको बरफको धाराहरू यसको पत्रमुनिको खाडलमा बग्दा सबग्लेसियल बन्छन्।

"बरफको पत्रको गतिशीलता, पानीमुनि जम्ने प्रक्रिया, सबग्लेसियल भू-रासायनिक चक्रका साथै जीवनको विकास बुझ्नका लागि अन्टार्कटिकामा सबग्लेसियल तालहरूको अध्ययन महत्वपूर्ण छ," ताङले भन्नुभयो।

वैज्ञानिकहरूले भेरिएसनल अटोएनकोडर (भिएई) प्रयोग गरी बरफ राडारमा देखाइएको बरफको तल्लो प्रतिबिम्बको वेभफर्म सुविधाको विश्लेषण गर्न नयाँ विधि प्रस्तुत गरेका छन्।

उक्त विधि प्रयोग गरेर अनुसन्धान टोलीले पूर्वी अन्टार्कटिकाका गम्बर्टसेभ सबग्लेसियल पर्वतहरूको एजिएप-एस क्षेत्रमा बरफ राडार छविको व्यापक स्क्यान गरेको छ। परम्परागत विधिहरूले पहिचान गरेकोभन्दा ज्यामितीय रूपरेखा धेरै सानो भएका ४६ वटा सबग्लेसियल तालको अस्तित्व रहेको नतिजाले देखाएको छ।

यस नयाँ विधिले सबग्लेसियल ताल खोजको दक्षता र शुद्धतामा उल्लेखनीय सुधार गरेको र अन्टार्कटिकामा अन्य प्रकारका सबग्लेसियल वातावरण पत्ता लगाउन र लेबलिङलाई विस्तार गर्न सकिने विश्वास गरिएको छ।

उक्त अनुसन्धान पीआरआइसी, चाइना युनिभर्सिटी अफ जियोसाइन्सेस (वुहान) र दक्षिणी विश्वविद्यालय विज्ञान तथा प्रविधिको टोलीले संयुक्तरूपमा गरेको हो। हालसम्म विश्वभरका वैज्ञानिकहरूले अन्टार्कटिक बरफको पत्रमुनि कुल छ सय ७५ सबग्लेसियल ताल पत्ता लगाएका छन्।

# जापानी सैन्य हेलिकप्टर दुर्घटनामा एकको मृत्यु, सात बेपत्ता

टोक्यो, २१ अप्रिल (एएफपी)। जापानमा आइतबार राति दुई सैन्य हेलिकप्टर एकआपसमा ठोक्किएर समुद्रमा दुर्घटना हुँदा एक जनाको मृत्यु र सात जना घाइते भएको अधिकारीहरूले बताएका छन्। जापानको आत्मरक्षा बल (सेल्फ डिफेन्स फोर्स, एसडिएफ) का प्रवक्ताले शनिबार रातिको घटनाको पुष्टि गर्दै एक जनाको उद्धार गरिए पनि पछि उनको मृत्यु भएको बताउनुभयो।

रक्षामन्त्री मिनोरु किहाराले पत्रकारहरूसँग भन्नुभयो, "उद्धारकर्मीहरूले समुद्रमा विमानको भाग भएको मानिएको कुरा भेट्टाएका छन् र हामीले दुई वटा हेलिकप्टर दुर्घटनाग्रस्त भएको विश्वास गरेका छौं। अहिले यसको कारण थाहा भएको छैन तर सबैभन्दा पहिला हामी मानिसहरूको उद्धारका लागि प्रयास गर्नेछौं।"

धेरै घन्टापछि उद्धार गरिएका चालक दलका सदस्यको मृत्युको पुष्टि भएको उहाँले बताउनुभयो। "मन्त्रालयले एक अर्काको नजिकका स्थानहरूमा उडान रेकर्डरको खोजी गरेको छ र दुवै हेलिकप्टर ठोक्किएको हुनसक्ने धेरै सम्भावना छ," मन्त्री किहाराले भन्नुभयो।

हेलिकप्टर प्रशान्त महासागरमा इजु टापु समूहनजिकै रातिको समयमा पनडुब्बीहरूको सामना गर्ने प्रशिक्षणका क्रममा दुर्घटना भएको जस्तो देखिएको अधिकारीहरूले बताएका छन्।

सामुद्रिक आत्मरक्षा बल (एमएसडिएफ) का प्रमुख रयो सकाइले पत्रकारहरूसँग भन्नुभयो, "उडान रेकर्डरको विश्लेषण भइरहेको छ, अधिकारीहरूले अभ्यासमा संलग्न रहेको तर दुर्घटनामा सहभागी नभएको तेस्रो हेलिकप्टरका चालक दलका सदस्यहरूको अन्तरवार्ता लिइरहेका छन्।"

प्रसारक एनएचकेले वरपरका जल क्षेत्रमा कुनै अन्य विमान वा जहाज नभएकाले घटनामा कुनै अन्य देशको संलग्नताको सम्भावना नभएको एमएसडिएफले जनाएको बताएको छ।

## विश्व सङ्क्षेप

### माल्दिभ्स संसदीय चुनावमा मतदान सुरु

कोलम्बो, २१ अप्रिल (सिन्हवा)। माल्दिभ्सको संसदीय निर्वाचनको मतदान आइतबार बिहान देशभर र विदेशका मतदान केन्द्रहरू खोलिएपछि सुरु भएको छ। संसद्को ९३ सिटका लागि ती सय ६८ उम्मेदवार प्रतिस्पर्धामा रहेको र तीमध्ये ४२ महिला उम्मेदवार रहेका छन्। यस निर्वाचनका लागि दुई लाख ८० हजारभन्दा बढी मतदाता योग्य रहेका छन्।

माल्दिभ्सले निर्वाचन क्षेत्रमा छ सय दुई मतदान केन्द्र स्थापना गरेको छ। तीमध्ये तीनवटा विदेशमा श्रीलङ्काको कोलम्बो, भारतको त्रिवेन्द्रम र मलेसियाको क्वालालम्पुरमा रहेका छन्। स्थानीय समयानुसार बिहान ८ बजेदेखि सुरु भएको मतदान साँझ ५:३० बजेसम्म चल्नेछ।

### पश्चिम भारतमा सडक दुर्घटनामा ९ को मृत्यु

नयाँदिल्ली, २१ अप्रिल (सिन्हवा)। भारतको पश्चिमी राज्य राजस्थानमा आइतबार बिहान भएको सडक दुर्घटनामा १८ देखि ३० वर्ष उमेर समूहका कम्तीमा नौ पुरुषको मृत्यु भएको स्थानीय प्रहरीले पुष्टि गरेको छ।

राजस्थानको झालवार जिल्लामा तीव्र गतिमा गुडिरहेको गाडीलाई ठक्कर दिँदा उक्त दुर्घटना भएको हो। पीडितहरू छिमेकी राज्य मध्यप्रदेशको विवाहमा सहभागी भई घर फर्किरहेका थिए।

दुर्घटनामा तीन जनाको घटनास्थलमै मृत्यु भएको छ भने छ जनाको स्थानीय अस्पतालमा उपचारका क्रममा मृत्यु भएको छ। दुर्घटना हुँदा दुर्घटनाग्रस्त गाडीमा १० जना सवार थिए। एक जना घाइतेको स्थानीय अस्पतालमा उपचार भइरहेको छ। दुर्घटनापछि ठुला सवारी साधनका चालक घटनास्थलबाट फरार भएको र पछि उनलाई स्थानीय प्रहरीले नियन्त्रणमा लिएका थिए।

### चिनियाँ प्रहरीले कम्बोडियाबाट फर्कायो ६८० जुवा, घोटालाका संदिग्धलाई

पेइचिङ, २१ अप्रिल (सिन्हवा)। चिनियाँ सार्वजनिक सुरक्षा मन्त्रालयले आइतबार प्रहरीले कम्बोडियाबाट जुवा खेल्ने र घोटाला गर्ने ६ सय ८० भन्दा बढी संदिग्धलाई स्वदेश फर्काएको जनाएको छ। दुई प्रहरी चार्टर्ड नागरिक उडानमार्फत एक सय ३५ संदिग्धको अन्तिम समूहलाई आइतबार मध्य चीनको हुबेई प्रान्तको राजधानी वुहानमा फिर्ता ल्याइएको छ।

यस वर्ष चीन र कम्बोडियाली प्रहरीले जुवा र ठगीसँग सम्बन्धित अपराधमाथि कारबाही गर्न संयुक्त अभियान सुरु गरेकोले यो वर्ष स्वदेश फिर्ता गर्ने कार्य पूरा भएको मन्त्रालयले जनाएको छ।

हालैका वर्षहरूमा चिनियाँ प्रहरीले सीमापार जुवा र टेलिकम घोटालाजस्ता प्रमुख अपराधविरुद्ध लड्न अन्तर्राष्ट्रिय सहयोगलाई निरन्तरता दिइरहेको छ।

यस वर्ष चिनियाँ प्रहरीले म्यानमा, फिलिपिन्स र संयुक्त अरब इमिरेट्सलगायतका देशबाट हजारौं यस्ता संदिग्धलाई स्वदेश फिर्ता गरेको छ।

### अमेरिकाको मेम्फिस ब्लक पार्टीमा गोली चल्दा दुईको मृत्यु

वासिङ्टन, २१ अप्रिल (एएफपी)। अमेरिकी सहर मेम्फिसमा शनिबार एउटा ब्लक पार्टीमा गोली चल्दा दुई जनको मृत्यु र अन्य छ जना घाइते भएको स्थानीय प्रहरीले बताएको छ।

घटनास्थलमा दुई जना मृत फेला परेको र घाइते छ मध्ये एक जनाको अवस्था क्षेत्रीय अस्पतालमा 'चिन्ताजनक' रहेको मेम्फिस प्रहरी विभागले सामाजिक सञ्जाल एक्समा उल्लेख गरेको छ। यसअघि विभागले एक्समा दक्षिणी राज्य टेनेसीमा अरेन्ट माउन्ड पार्क नजिक करिब दुई सयदेखि तीन सय मानिस भएको अनधिकृत ब्लक पार्टीमा गोली चलेको बताएको थियो।

अमेरिकामा बन्दुक हिंसा सामान्य छ। यहाँ मान्छेभन्दा धेरै बन्दुक छन्। बन्दुकको अधिकारमाथि रोक लगाउने प्रयासहरूले सधैं कडा राजनीतिक प्रतिरोधको सामना गर्नुपरेको छ।

सामूहिक गोलीबारीलाई चार वा त्योभन्दा धेरै मानिस घाइते भएको वा मारिएको भनी परिभाषित गर्ने गैरसरकारी सङ्गठन गन भायलेन्स आर्काइभका अनुसार यस वर्ष अमेरिकामा एक सय २० वटा सामूहिक गोलीबारी रेकर्ड गरिएका छन्। गत वर्ष कुल छ सय ५६ यस्ता गोलीबारी भएका थिए।

### अस्ट्रेलिया प्रहरीद्वारा कोकिन तस्करीमा संलग्न चार अमेरिकी पक्राउ

क्यानबेरा, २१ अप्रिल (सिन्हवा)। अस्ट्रेलियाका अधिकारीहरूले कथित कोकिन तस्करी सिन्डिकेटको सम्बन्धमा चार अमेरिकी नागरिकलाई पक्राउ गरेका छन्। अस्ट्रेलियाको सङ्घीय प्रहरी (एएफपी) ले अप्रिलको सुरुमा लस एन्जलेसबाट मेलबर्नको उडानमा ३० किलो कोकिन फेला परेपछि चार कथित अन्तर्राष्ट्रिय लागुऔषध तस्करहरू अमेरिकाका ५५ वर्षीय पुरुष र २२, २४ र ३५ वर्षका तीन महिला संयुक्त राज्य अमेरिकाबाट पक्राउ गरेको आइतबार घोषणा गरेको छ।

एएफपीले महिलाहरू अप्रिल १२ मा कोकिन लिएर मेलबर्न आइपुगेपछि अमेरिकी अधिकारीहरूको सूचनाको आधारमा प्रहरीले उनीहरूलाई रोकेको थियो। एकचालिस वर्षीया चौथो महिलालाई लस एन्जलसमा आफ्नो सामानमा लुकाएर थप १० किलो कोकिनसहित विमान चढ्न खोजेको आरोपमा पक्राउ गरिएको थियो। सिन्डिकेटको योजना र सुपरीवेक्षण गरेको आरोप लागेका ५५ वर्षीय व्यक्ति सोही दिन ती महिलाभन्दा अघि लस एन्जलसबाट छुट्टै उडानमा मेलबर्न आएका थिए र अप्रिल १६ मा पक्राउ परेका थिए।

## सन्दर्भ : १५४ औं लेनिन जन्म दिवस

# सर्वहारावर्गका नेता लेनिनको जीवनी र व्यक्तित्व




स्टेसनमा एउटा रेलगाडी आएर रोकियो । त्यसबाट १६ अप्रिल १९१७ को बिहान पेट्रोग्राडको फिन्ल्यान्ड जीर्ण शीर्ण लुगा लगाएका एक जना पुड्का मानिस ओर्ले । स्टेसनमा श्रमिकहरूको अपार भिड थियो । उनीहरूले नारा लाउन थाले, 'हाम्रा नेता जिन्दावाद ! हाम्रा नेता जिन्दावाद ।' अनि उनीहरूले आफ्ना नेतालाई काँधमा बोके र 'जिन्दावाद ! जिन्दावाद ।' भन्दै उनीहरू अघि बढे । यी व्यक्ति थिए ती मजदुरहरूका प्यारा नेता लेनिन ।

रुसको क्रान्तिपछि लेनिनले साम्यवादी राज्यको मार्क्सवादी कल्पनालाई साकार बनाए । बाल्यकालदेखि नै लेनिन गम्भीर र विचारशील थिए । खेलमा उनको रुचि थिएन र उनी अरू बच्चाहरुसँग कमै खेल्ने गर्थे । वयस्क जीवनमा उनको सङ्गीत, कविता या धर्ममा रुचि थिएन । सायद कम रुचिको कारणले लेनिन महान् बने, किनकि उनको ऊर्जाको अपव्यय भएन र उनी आफ्नो लक्ष्यलाई एकाग्र भएर पछ्याइरहे ।

सन् १८८७ मा लेनिनको दाइलाई सम्राटको हत्याको षड्यन्त्र गरेको आरोपमा मृत्युदण्ड दिइयो । त्यसै वर्ष लेनिनलाई एक छात्र आन्दोलनमा सामेल भएको कारण विश्वविद्यालयबाट निकालियो । लेनिनले घरमा वकालतको अध्ययन गरेर कार्ल मार्क्सको दास क्यापिटलको पनि अध्ययन गरे र जसबाट उनी धेरै प्रभावित भए ।

क्रान्तिपछि सन् १९१७ मा लेनिन रुसका शासक बने । शासक बनेपछि पनि उनले सादा जीवन उच्च विचारको सिद्धान्तको अनुकरणीय उदाहरण पेस गरे । त्यो बेला जनताले चिनी पाउँदैनथे । लेनिनले बिनाचिनीको चिया पिउने सङ्कल्प गरे । उनले सेक्रेटरी राख्ने विलासितामा परहेज गरे । उनी आफ्नो चिट्ठी आफै लेख्थे र हरेक दिन १८ देखि २० घण्टासम्म काम गर्थे ।

जब लेनिनलाई प्यारालाइसिस भयो र उनको दायाँ हात चलेन, तब उनले बायाँ हातले लेख्न सिके । दुई वर्षसम्म उनी मृत्युसँग सङ्घर्ष गरिरहे र बारम्बार भनिरहे, "अझै मेरो धेरै काम बाँ की छ ।"



रुसमा क्रान्तिको आगो बलिसकेको थियो । दश वर्षको निर्वासनपछि उनी यही क्रान्तिको आगो दन्काउन रुस आएका थिए । उनले घोषणा गरे, "साथीहरू हो । विश्व समाजवादी क्रान्तिको सूर्य उदाइसकेको छ । विश्व समाजवादी क्रान्ति जिन्दावाद ।" अनि 'जिन्दावाद' को ध्वनि सर्वत्र गुञ्जियो ।

उनले रुसलाई वचन दिएका थिए हामी सबै थोक भत्काएर त्यसमाथि हाम्रो मन्दिर बनाउनेछौं । केही महिनामै उनी रुसका नयाँ शासक बने । केही वर्षमै उनले रुसको अनुहार फेरि दिए ।

उन्नाइसौं शताब्दीको अन्त्यतिर रुस एउटा विशाल देश थियो । यो झन्डै ६००० माइलसम्म फैलिएको थियो । यो विशाल भूमिमा एउटै व्यक्तिको रामराज्य थियो । ती थिए जार, रुसी सम्राट । सबैतिर उनको ढलीमली थियो । उनले नियुक्त गरेका हाकिमहरू सबै धनी घरानाका थिए, गरीबहरू कसरी बस्छन् उनीहरूलाई थाहै थिएन । अधिकांश मानिस किसान थिए- अनपढ, गरीब, हरिकङ्गाल । दिनभरि तर पेटभरि खान पाउँदैनथे । केटाकेटी भोका नाङ्गा थिए । उनीहरूले स्कूल देख्न पाउँदैन थिए ।

सन् १८८१ मा ९ प्रतिशत केटाकेटी स्कूल जान्थे । उनीहरूका आमाबाबु खेतमा गोरूजस्तै जोतिन्थे तैपनि कष्टमा जीवन गुजार्थे । उनीहरूका काँधमा भारी करहरू लादिएका हुन्थे । कति मानिस सहरमा आएर कलकारखानामा काम गर्न थाले । त्यहाँ पनि त्यतिकै शोषण थियो, भिडभाड भएको फोहोर बस्तीमा बस्थे, पेट नभरिने ज्यालामा घण्टौं मरून्जेल खट्थे । १९०५ मा रोटी माग्न गएका श्रमिकहरूको जुलुसमाथि जारका सिपाहीहरूले गोली हानेर सयौँलाई मारे । फलस्वरूप १९१७ मा जनताले जारको जरा उखेले ।

लेनिनको जन्म १० अप्रिल १८७० मा भोल्गा नदीको छेउको नगर सिम्बर्कस्मा भएको थियो । उनको खास नाम थियो भ्लादिमिर उल्यानोभ । उनका बाबु स्कूलका इन्स्पेक्टर थिए । उनका दुई छोरा अलेक्जेन्डर र भ्लादिमिर कुशाग्रबुद्धिका थिए । सेन्ट पिटर्सबर्गको विश्वविद्यालयमा पढ्दा अलेक्जेन्डर क्रान्तिकारी साथीहरूसित लागे । पुलिसले उनीहरूलाई समाते । अलेक्जेन्डरले सबै जिम्मेवारी आफ्नो टाउकोमा लिए । उनलाई झुन्ड्याइयो । त्यस दिनदेखि लेनिनले जारशाहीलाई खतम गर्ने प्रण गरे ।

सन् १८८७ मा उनी कजान विश्वविद्यालयमा कानुन पढ्न गए । त्यहाँ उनले कार्ल मार्क्सको जीवनी पढे । पुँजीपतिहरूले श्रमिकहरूलाई कसरी शोषण गर्छन् त्यो कुरा मार्क्सले आफ्ना अनेक पुस्तकमार्फत बताएका छन् । लेनिनलाई मार्क्सका विचार खूबै मन पर्थ्यो । उनले 'कम्युनिस्ट मेनुफेस्टो' र 'दास क्यापिटल' पढे अनि साह्रै प्रभावित भए । सन् १८९५ मा स्वीट्जरल्यान्डमा उनले मार्क्सवादी विचारकहरूलाई भेटे र उनीहरूका कुरा बुझे । अब उनले रुसमा मार्क्सका विचारहरू फैलाउने विचार गरे ।

सेन्ट पिटर्सबर्गमा उनले वकिल भएर काम गरे । त्यहाँ उनले कलकारखानाका श्रमिकहरूको जीवन अध्ययन गरे । उनीहरूको जीवन कसरी सुधार्न सकिन्छ भनेर लेनिन र उनका साथीहरूले पर्चा लेखे, पुस्तिका लेखे अनि उनीहरूले ती श्रमिकहरूलाई यी पर्चा र पुस्तिकाहरू बाँडे । पुलिसहरूले भ्लादिमिरलाई समाते । उनलाई साइबेरिया पठाइयो । साइबेरियामा कैदीहरू खुलासित घुम्न पाउँथे । भ्लादिमिर स्केट खेल्थे, शिकार खेल्थे, पढ्थे, लेख्थे । त्यहाँ एउटी महिला क्रान्तिकारी क्रुप्स्काया पनि आइन्, उनले भ्लादिमिरलाई भेटिन्, पछि उनैसित बिहे गरिन् । भ्लादिमिर र क्रुप्स्काया सँगै बसेर किताबहरू पढ्थे ।

साइबेरियामा हुँदा भ्लादिमिरले एउटा साप्ताहिक पत्रिका निकाल्ने विचार गरे । साइबेरियाबाट छुटेपछि उनी जर्मनी गए र त्यहाँबाट १ डिसेम्बर १९०० मा इस्क्रा अर्थात् 'झिल्का' भन्ने पत्रिका निकाले । यही दिनदेखि उनले लेनिनको नाम ग्रहण गरे । उनले कविता पढ्न, सङ्गीत सुन्न, स्केट खेल्न सब छोडे । अब उनी क्रान्तिको विषयमा सोच्न थाले ।

'इस्क्रा' अर्थात् 'झिल्का ले रुसमा आगो लाउन थाल्यो । ठुला ठुला हडतालहरू हुन थाले । किसानहरूले मोर्चा खडा गरे । छात्रहरू विद्रोही हुन थाले ।१९१७ मा जारको विरुद्ध हडतालहरू भए, प्रदर्शनहरू भए । सिपाहीहरूले पनि यिनलाई सघाउन थाले । मार्चमा जारले गद्दी त्यागे र अन्तरिम सरकार बन्यो ।

लेनिन १६ अप्रिल १९१७ मा रुस आए । उनको नेतृत्वमा बोल्सेभिक पार्टीले श्रमिकहरूको सेनालाई सङ्गठित गर्यो । नयाँ बोल्सेभिक दैनिक अखबार 'प्राब्दा' ले लेनिनका विचारहरू फैलाउन थाल्यो । सैनिकहरू सबै बोल्सेभिकपट्टि लागे । ७ नोभेम्बर १९१७ मा बोल्सेभिकहरूले हुलाक घर, बैङ्क, टेलिग्राफ र रेल स्टेसनहरू कब्जा गरे । साँझमा उनीहरूले सेन्ट पिटर्सबर्गको विन्टर प्यालेस घेरे । अन्तमा उनीहरूले त्यो पनि कब्जा गरे । त्यसपछि लेनिनले सरकार गठन गरे ।

लेनिन विश्वको प्रथम सोभियत सरकारका अध्यक्ष भए । रुसका शासक भएर पनि उनी साधारण घरमा बस्थे - साधारण खाना खान्थे । तिनको सरलता देखेर अरू दङ्ग पर्थे । ती दिनमा बीस घण्टा खट्थे ।

उनको अगाडि धेरै समस्याहरू थिए । त्यति समस्या इतिहासमा कुनै नेता, शासक वा तानाशाहले सामना गर्नु परेको थिएन । विशाल भूमिमा उनले आफ्नो शक्ति फिजाउनु परेको थियो । नयाँ कानुन, नयाँ प्रशासनको व्यवस्था गर्नुपरेको थियो, निरक्षरता र अनिकाल हटाउनुपरेको थियो, लडाइँ थाम्नुपरेको थियो अनि मार्क्सवादलाई कार्यरूपमा परिणत गर्नुपरेको थियो । विस्तारै उनले यी समस्याहरू समाधान गर्दै गए । नयाँ आर्थिक नीति सञ्चालन गरेर उनले रुसलाई मजबुत पारे । खेतीपातीमा उन्नति भयो, उद्योगधन्धा बढ्यो । यसरी काम गर्दा गर्दै २१ जनवरी १९२४ मा लेनिनको मृत्यु भयो ।

अथक परिश्रम गरेर उनले देशलाई सपारे, नयाँ आर्थिक नीति सञ्चालन गरेर खेतीपातीमा उन्नति गरे, उद्योगधन्दामा प्रगति गरे, निरक्षरता हटाउने प्रयत्न गरे । यस्ता चमत्कार गर्ने व्यक्ति इतिहासमा थोरै छन् । लेनिनजस्तो पश्चिमका पत्रपत्रिकाहरूले लेनिनको अर्को चित्र प्रस्तुत गर्थे । उनीहरू भन्थे, "क्रूर दुनियाँमा अरू छैन । मानव जातिका निम्ति ऊ अभिशाप हो । ऊ निर्मम राक्षस हो । पुँजीपतिहरूको रक्तको पिपासु ! तर यो कस्तो जाल थियो ।

त्यो मनगढन्ते कुरा थियो । जसले उनलाई नजिकबाट देखे, चाहे ऊ देशी होस् वा परदेशी, ती उनको सहृदयता, कठोर जीवन र मजदुरप्रति असीम ममता देखेर मन्त्रमुग्ध हुन्थे । एल्बर्ट रीस विलियम्स एकजना अमेरिकी पत्रकार हुन् जो १९१७ मा रुस गएका थिए । क्रान्तिको आँधी चलेको थियो । जनताको क्रान्ति र सोभियत सत्ताको विजय उनले देखेका थिए । उनी लेनिनको धेरै नजिक भएका थिए । घनिष्ठरूपले लेनिनलाई चिनेका थिए । एउटा पुस्तकमा उनले लेखेका छन्, "लेनिनलाई भेट्न उनको स्वागत कक्षमा मानिसको भिड लाग्थ्यो ।"


सधैं यहाँ विभिन्न प्रकारका विशिष्ट व्यक्तिहरू आउँथे ठुलाठुला अधिकारीहरू, पुराना पुँजीपतिहरू, संवाददाताहरू ! उनलाई भेट्न समाजवादका कट्टर शत्रुहरू पनि आउँथे । यो दैनिक कार्यक्रम थियो, सरकारको कर्तव्य । यस्तो भेटघाटमा उनी सबैलाई थोरै समय दिन्थे । पार्टीका सहयोगीहरू, मजदुर र किसानहरूलाई भेट्न उनी बढी रुचाउँथे । उनको स्वागत कक्षमा मानिसहरूको भिड लागेको थियो । यो असामान्य कुरो थियो । भित्र पसेको एउटा मानिस अझ निस्केको छैन । मानिसहरू अधीर हुन लागे । कसैले भने सायद भित्र पस्ने मानिस कोही विशिष्ट व्यक्ति होलान् । मानिसहरू प्रतीक्षा गरिरहेका थिए । भित्रबाट कुरा गरिरहेको आवाज आयो । को होला यो महत्त्वपूर्ण व्यक्ति जसलाई लेनिनले यति लामो समय दिइरहेछन् । अन्तमा ढोका खोलियो । स्वागत कक्षमा प्रतीक्षा गरिरहेका मानिसहरूलाई यो देखेर आश्चर्य भयो कि त्यो मानिस न त कुनै अधिकारी थियो, न कुनै वरिष्ठ व्यक्ति न त कुनै पुँजीपति । ऊ त भेडाको छाला लाएको एक साधारण किसान थियो ।

उही गरीब किसान जो त्यसबेला सोभियत रुसमा लाखौंको सङ्ख्यामा देखिन्थे । उनी आफ्नो देशका लाखौँ किसानहरूसित सहर्ष भेट गर्थे । अझ सम्भव भए विश्वका समस्त मजदुर र किसानहरूलाई आफ्नो घरमा आमन्त्रित गर्थे होलान् । उनका निमित्त साइबेरियाको किसान, दोनको कज्जाक, मास्कोको मजदुर वा भोल्गाको माझीले के सोच्छ त्यो कुनै रहस्य थिएन । लेनिन यिनै सर्वहारावर्गलाई क्रान्तिको सञ्चालक शक्ति मान्थे ।

युग युगसम्म यिनीहरूले अत्याचार र आतङ्क सहेर बसे, रुसको विशाल भूमिको वारपार, रुसी मैदानहरूमा, युक्रेनका चट्टानहरूमा र साइबेरियाका ठुलाठुला नदीका किनार किनारमा गरीबीको असहनीय पीडा सहेर जीवन बिताएर बसेका थिए । आज तिनै जनताले शताब्दी शताब्दीको दासत्व र दमनको जञ्जीर तोडे, तानाशाहीलाई तहसनहस गरे, इतिहासको मोड मोडे । यस महान् क्रान्तिका आधारस्तम्भ थिए लेनिन ।

*स्रोत : विभिन्न पुस्तकहरू*

# इलामको विभिन्न स्थानमा नेमकिपाको घरदैलो कार्यक्रम




इलाम, ९ वैशाख । वैशाख १५ गते इलाम क्षेत्र नं.२ मा हुने उपनिर्वाचनको प्रचारप्रसारको क्रममा आइतबार नेपाल मजदुर किसान पार्टीका उम्मेदवार श्यामबहादुर दर्जी तथा कार्यकर्ताहरूको उपस्थितिमा शान्ति डाँडा, पानीटार, देउमाई नपा वडा ३, जितपुर देउमाई नपा वडा ७, सोयाक, सिद्धिथुम्का इलाम नपा ११ वडा, माई खोले, बिहीबारे माई नगरपालिकालगायतका क्षेत्रमा घरदैलो कार्यक्रम सम्पन्न भयो ।

घरदैलोको क्रममा उम्मेदवार श्यामबहादुर दर्जीले शासक दलले अहिलेसम्म जनतालाई अन्धकारमा राखेकोले पार्टीको घोषणापत्र अध्ययन गरेर मतदान गर्न आग्रह गर्नुभयो ।

देशलाई परनिर्भर बनाउने, युवालाई सस्तो ज्यामीको रूपमा बिदेसिन बाध्य बनाउनेको विरुद्ध जनता सचेत भई नेमकिपाको मादल चिन्हमा गर्न उहाँले आग्रह गर्नुभयो ।

कार्यक्रममा चुनाव प्रचारप्रसार समितिका संयोजक दिनेश खड्गीले लेनिनवादी नीतिअनुसार जनतालाई सचेत र सङ्गठित गर्दै शासक दलले गरेका विकृतिको विरोधमा आवाज बुलन्द गर्न पार्टीले निर्वाचनलाई उपयोग गरेको बताउनुभयो ।

# लेनिनको जन्म दिनको अवसरमा प्रवचन



सुर्खेत, ९ वैशाख । विश्व सर्वहारावर्गका महान् गुरु लेनिनको १५४ औं जन्म दिनको अवसरमा समसामयिक राजनैतिक विषयमा वीरेन्द्रनगर २ गुप्तीपुरमा शनिबार प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नर्मा गुरुङले लेनिनले रुसी क्रान्तिको नेतृत्व गरेर रुसी समाजलाई समाजवादी व्यवस्थामा परिवर्तन गरेको चर्चा गर्दै पार्टीले नेपाली जनताले आफ्ना सन्तानलाई अनुशासित बनाउन पनि नेमकिपाको शिक्षा दिनुपर्ने आवश्यकता औँल्याउनुभयो । पार्टीको विचारलाई गाउँ गाउँसम्म पुऱ्याई शासक दलहरूले जनतामा छरेको भ्रम चिरफार गर्न आवश्यक रहेको पनि उहाँले बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहोराले प्रजातान्त्रिक वैज्ञानिक समाजवादले मात्र बहुमत जनताको हित गर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय उपाध्यक्ष लालबहादुर थापा, नेपाल क्रान्तिकारी मजदुर सङ्घ सुर्खेतका अध्यक्ष निरकबहादुर शाही, जगत लामिछाने, इन्द्रप्रसाद न्यौपाने, अङ्गबहादुर शाही, अम्मर भण्डारी र मनबहादुर विकलगायतका वक्ताहरूले बोल्नुभएको थियो ।

नेपाल मजदुर किसान पार्टी वीरेन्द्रनगर नगर समितिको आयोजनामा सम्पन्न कार्यक्रमको अध्यक्षता शेरबहादुर शाहीले गर्नुभएको थियो ।

# प्रज्ञा-प्रतिष्ठानको रैथाने ज्ञान उत्सव

काठमाडौँ, ९ वैशाख (रासस) । नेपाल प्रज्ञा-प्रतिष्ठानले रैथाने ज्ञान उत्सव शृङ्खला सुरु गरेको छ । प्रतिष्ठानको संस्कृति, लोकवार्ता तथा मौखिक इतिहास विभागको आयोजनामा शुक्रबार र शनिबार चितवनको भरतपुरमा विभिन्न दुई कार्यक्रम सम्पन्न भएका छन् ।

कुमाल सेवा समाज चितवनको स्थानीय संयोजनमा आयोजित 'कुमाल जातिको सांस्कृतिक सम्वाद्' तथा थारू कल्याणकारिणीसभा जिल्ला कार्यसमिति चितवनको स्थानीय संयोजनमा आयोजित 'थारू जातिको सांस्कृतिक सम्वाद्' को उद्घाटन गर्दै प्रतिष्ठानका कुलपति भूपाल राईले शृङ्खलाको शुभारम्भ गर्नुभएको हो । विभिन्न जाति र परम्परामा भएको रैथाने ज्ञानलाई प्रवर्द्धन गर्ने उद्देश्यले यस्तो कार्यक्रम सुरु गरिएको उहाँले बताउनुभयो ।

लिखित इतिहास नभएका सीमान्तकृत जातिभित्रको ज्ञानलाई मौखिक माध्यमबाट अभिव्यक्त हुने गरी प्रज्ञा-प्रतिष्ठानले सहजीकरण गर्ने उहाँको भनाइ थियो । प्रज्ञा-प्रतिष्ठानका गतिविधिलाई विभिन्न भाषाभाषी, जाति र संस्कृतिसम्म पुऱ्याउने योजनाअन्तर्गत चितवनबाट कार्यक्रम सुरु गरिएको र आगामी दिनमा पनि निरन्तरता दिँदै जाने प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव डा. धनप्रसाद सुवेदीले बताउनुभयो ।

कुमाल सेवा समाजका केन्द्रीय अध्यक्ष विशाल कुमालको अध्यक्षतामा भएको कार्यक्रममा तिलकबहादुर कुमालले उक्त जातिको भाषा तथा संस्कृतिका विषयमा प्रस्तुत गर्नुभएको कार्यपत्रमाथि छलफल गरिएको थियो । साथै सो अवसरमा कुमाल जातिको भाषा र संस्कृतिको सम्वर्द्धनका लागि आगामी दिनमा गर्न सकिने विषयमा समूह छलफलसमेत गरिएको थियो ।

प्राज्ञ सभा सदस्य डा. बालाकृष्ण अधिकारीले सहजीकरण गर्नुभएको उक्त समूह छलफलमा बहस गर्दै कुमाल सेवा समाजका केन्द्रीय अध्यक्ष विशाल लामा, भरतपुर महानगरपालिका-२८ का वडा सदस्य शेरबहादुर कुमाल तथा साहित्यकार भूपिन खड्काले जनप्रतिनिधि, जातीय समुदायका अगुवा र बौद्धिक वर्गले खेल्नुपर्ने भूमिकाबारे चर्चा गर्नुभयो ।

त्यस्तै थारू कल्याणकारिणी सभा जिल्ला कार्यसमिति चितवनका अध्यक्ष ललितकुमार चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा अनुसन्धाता डी आर पोखरेलले प्रस्तुत गर्नुभएको 'चितवनका थारू जातिको सांस्कृतिक सम्पदा : संरक्षण र परिष्कारको आवश्यकता' विषयक कार्यपत्रमाथि छलफल गरिएको थियो ।

आयोजित समूह छलफलमा राजनीतिशास्त्री डा. सञ्जय चौधरी, अनुसन्धाता सत्यनारायण चौधरी, अधिवक्ता सञ्जय चौधरी र कवि तथा समालोचक रमेश प्रभातले बहस गर्नुभएको थियो ।

# लेखापरीक्षण प्रतिवेदन नबुझाउने दललाई आयोगको स्पष्टीकरण

काठमाडौँ, ९ वैशाख (रासस) । निर्वाचन आयोगले लेखापरीक्षण प्रतिवेदन समयमा नबुझाउने र सार्वजनिक नगर्ने विभिन्न राजनीतिक दललाई स्पष्टीकरण सोधेको छ । आयोगले प्रतिवेदन नबुझाउने दललाई कारणसहित सातदिनभित्र जवाफ दिन भनेको छ । साथै प्रतिवेदन बुझाएर सार्वजनिक नगर्ने दललाई सातदिनभित्र सार्वजनिक गरी जानकारी दिने निर्देश गरेको छ ।

आयोगले लेखापरीक्षण प्रतिवेदन निरन्तर तीन आर्थिक वर्षसम्म पेस नगर्ने दलहरू आम आदमी पार्टी नेपाल, राष्ट्रिय जनमुखी पार्टी लोकतान्त्रिक, नेपाल कम्युनिस्ट पार्टी लोकतान्त्रिक, दुई आर्थिक वर्षसम्म प्रतिवेदन पेश नगर्ने राजनीतिक दलहरू गान्धीवादी पार्टी, नेपाल राष्ट्रवादी पार्टी, माओवादी जनमुक्ति पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी परिवर्तन, सामाजिक एकता पार्टी, साझा पार्टी नेपाललाई स्पष्टीकरण सोधेको आयोगका सहप्रवक्ता रामदत्त पाण्डेयद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

आयोगमा दर्ता कायम रहेका एक सय १८ दलमध्ये आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण प्रतिवेदन तोकिएको समयवाधिभित्र पेश गर्ने ८२ राजनीतिक दलमध्ये प्रतिवेदन सार्वजनिक नगर्ने २१ दललाई सात दिनभित्र सार्वजनिक गरी जानकारी दिन निर्देशन गरिएको छ ।

समयमा लेखापरीक्षण सार्वजनिक नगर्ने दलमा मधेश तराई फोरम, नेपाल परिवार दल, नेपा: राष्ट्रिय पार्टी, आधुनिक नेपाल समाजवादी पार्टी, त्रिमूल नेपाल, प्रजातान्त्रिक पार्टी नेपाल, बहुजन समाज पार्टी नेपाल, सङ्घीय विकासवादी पार्टी, नेपाल, अखण्ड सुदूरपश्चिम पार्टी नेपाल, मुस्कान सेना नेपाल पार्टी, बहुजन एकता पार्टी नेपाल, मौलिक जरोकिलो पार्टी, नेपाल कम्युनिस्ट पार्टी एकता राष्ट्रिय अभियान, नेपाल समाजवादी काङ्ग्रेस, जनताको जनवादी पार्टी, नेपाल, मितेरी पार्टी नेपाल, विवेकशील साझा पार्टी, नेपाल कम्युनिस्ट पार्टी ( समाजवादी), नेपाल लोकतान्त्रिक पार्टी रहेको छ । नेपाली काङ्ग्रेस बिपीले भने तोकिएको समय सकिएपछि लेखापरीक्षण प्रतिवेदन बुझाएकामा उसलाई सोको कारणसहित जवाफ मागेको छ ।

*रूसको...*

फाँसी र १२१ जनालाई साइबेरियामा कालापानीको सजाय दिएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "दर्जनौँ महिलाहरूले आफ्नो पतिसँगै साइबेरिया पुगी ३० वर्षसम्म विद्रोही बन्दीहरूलाई आवश्यक सहयोग गरेका थिए ।"

कार्यक्रममा नरेश महर्जन, कवीन्द्र डंगोल, जगतराम महर्जनले हरेक घटनाबाट हामीले सिकेर नेपाली युवाहरूलाई सचेत र सङ्गठित गरी नेपालमा पनि विद्रोहको आवश्यकताबारे चर्चा गर्नुभयो ।

हार्दिक समवेदना



जन्म
२०२२/०५/११

निधन
२०८१/०१/०४

यस संस्थाका कार्यालय सहायक रश्मी जरेजूको ससुरा **शिवभक्त मारिखू**को दु:खद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**थालाछेँ बचत तथा ऋण सहकारी संस्था लि.**
थालाछेँ-१०, भक्तपुर, फोन नं. ६६१६५८०

हार्दिक समवेदना



जन्म
१९९५/०४/०२

निधन
२०८०/१२/२८

हाम्रा आदरणीय दाजुहरू नरेन्द्रकुमार श्रेष्ठ र रवीन्द्रकुमार श्रेष्ठकी ममतामयी माता **नारायणदेवी श्रेष्ठ**को दु:खद निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**DAS Auto Link**
**स्वयम्भुरत्न शाक्य** **Suzuki Showroom** **अजित प्रजापति**
sallaghari

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

**स्थानीय पाठ्यक्रमको सन्दर्भ सामग्री अनधिकृत प्रकाशन नगर्नेसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाले भक्तपुर (ख्वप) को इतिहास, राजनीति, साहित्य, कला, सम्पदा, जीवनशैली, परम्परागत उपचार विधि, खेलकुदलगायतका विभिन्न विषयमा नगरक्षेत्रका सामुदायिक र संस्थागत सबै विद्यालयका कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूलाई शिक्षित गर्ने उद्देश्यका साथ स्थानीय पाठ्यक्रम (ख्वपको पहिचान) तयार गरी लागु गरेको सम्बन्धित सबैमा जानकारी नै छ । स्थानीय पाठ्यक्रम प्रभावकारीरूपमा अध्ययन अध्यापनको लागि ख्वपको पहिचान भाग १, २ र ३ सन्दर्भ सामग्री प्रकाशित गरी सम्बन्धित विद्यालयहरूमा उपलब्ध गराइसकेको छ । सो सम्बन्धमा हाल केही प्रकाशन गृहहरूले भक्तपुर नगरपालिकासँग अनुमति नलिई स्थानीय पाठ्यक्रमको सन्दर्भ सामग्री भनी विभिन्न पुस्तक प्रकाशन गरी विद्यालय र विद्यार्थीहरूमा बिक्री वितरण गरिरहेको बुझिन आएको हुँदा सम्बन्धित प्रकाशकहरूलाई यथाशीघ्र यस्तो अनधिकृत कार्य रोक्नको लागि सूचित गरिन्छ । अन्यथा नियमानुसार कारबाहीसमेत हुने जानकारी गराइन्छ । साथै कुनै प्रकाशन गृहले स्थानीय पाठ्यक्रम (ख्वपको पहिचान) सम्बन्धी कुनै सन्दर्भ सामग्री प्रकाशन गर्नुपरेमा भक्तपुर नगरपालिकाबाट पूर्वस्वीकृति लिनुहुनसमेत सूचित गरिन्छ ।

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा